का.जि.प्र.का.द.नं. १००/०५२/६०
१८ भदौ २०८३
बिहीबार
3 September 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

आफन्त फर्किने हरायो आस

कुशको प्रतिमा बनाएर दाहसंस्कार

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १७ भदौ

पशुपति आर्यघाटमा बुधबार अरू दिनभन्दा फरक दृश्य देखिन्थ्यो। घाटमा चिता बलिरहेका थिए । तर, ती चितामा मानिसका शव थिएनन् । बाढीमा बेपत्ता भएका आफन्तको शव नपाएपछि परिवारजनले कुशको प्रतिमा बनाएर दाहसंस्कार गरिरहेका थिए ।

रसुवाको भोटेकोशी नदीमा १० भदौमा आएको बाढीमा परेर बेपत्ता भएकाहरूका आफन्तले अब उनीहरू जीवितै फर्किने आस मार्न थालेका छन् । त्यसैले धार्मिक संस्कारअनुसार अन्त्येष्टि कार्यतर्फ लागेका छन् । रसुवा, नुवाकोटदेखि चितवनसम्म पुगेरै खोज्दासमेत बाढीमा परेकाहरू भेटिएनन् । उनीहरूको कुनै अत्तोपत्तो नलागेपछि हिन्दु परम्पराअनुसार कुशको प्रतिमा बनाएर दाहसंस्कार गर्न लागिएको हो ।

स्याङ्जाको भिरकोट नगरपालिका-५का कृष्ण अर्याल र राधा अर्याल गोसाइँकुण्ड तीर्थयात्राका लागि जाँदै थिए । उनीहरू सवार यात्रुवाहक बस नै भोटेकोसीको बाढीमा परेर बेपत्ता भयो। लामो समयसम्म खोजी गर्दा पनि उनीहरूको अवस्था पत्ता लागेन । अन्ततः परिवारले घटनाको आठौं दिन बुधबार पशुपति आर्यघाटमा उनीहरूको कुशको शव बनाएर अन्तिम संस्कार गऱ्यो । बिहानै आर्यघाट पुगेका परिवारका सदस्यले कुशको प्रतिमा बनाए । त्यसैलाई मृतक मानेर दाहसंस्कार गरे र काजकिरियाको प्रक्रिया अघि बढाए । उस्तै पीडा धादिङबाट गोसाइँकुण्ड यात्रामा निस्किएको अर्को परिवारको छ। बा५ख १२५० नम्बरको बस १० भदौमा धादिङबाट गोसाइँकुण्डका लागि छुटेको थियो । भोटेकोशीको बाढीमा परेको उक्त बसमा सवारमध्ये सावित्री लम्सालको मात्र शव फेला परेको छ । बसमा सवार अन्यको अवस्था अझै अज्ञात छ ।

एक सातासम्म खोज्दा पनि उनीहरूको अवस्था पत्ता नलागेपछि परिवारले जीवित भेटिने सम्भावना देखेनन् । त्यसैले सामूहिक अन्त्येष्टि गर्ने निर्णयमा पुगे । परिवारले भारी मन बनाएर कुशको शव बनाएर आफन्तको अन्त्येष्टि गरेका छन्। शव वा पार्थिव अवशेष फेला नपरे पनि अन्तिम संस्कार र काजकिरिया पूरा गर्न उनीहरूले कुशको प्रतिमाको सहारा लिएका हुन् । पशुपति क्षेत्र विकास कोषका अनुसार, भोटेकोशी बाढीमा बेपत्ता भएका थुप्रै व्यक्तिका परिवारले पशुपति पृष्ठ २ मा

उद्धारमा खटिएकी महिला हेली पाइलट

उषा बस्नेत/मध्यान्ह
काठमाडौं, १७ भदौ

टिमुरेमाथिको आकाशमा बितेको साता बाक्लो संख्यामा हेलिकोप्टर उडे । तल भोटेकोशीको बाढीले बनाएको खण्डहर छ । बाटाघाटा पुरिएका छन् र बस्ती सडकमार्गबाट अलग भएका छन् । जमिनबाट पुग्न कठिन भएका ठाउँमा उद्धारको बाटो आकाश बनेको छ ।

त्यही आकाशमा क्याप्टेन प्रिया अधिकारी लगातार उडिरहेकी छन्। रसुवामा विनाशकारी बाढीले तबाह मच्चाएपछि पछिल्लो साताभर उनले निरन्तर उद्धार उडान भरिन्। यसबीचमा मात्र उनले सयभन्दा बढीको उद्धार गरिसकेकी छन्। सडक सम्पर्क टुटेका र जोखिममा परेका बस्तीमा पुगेर विपत् प्रभावितलाई सुरक्षित स्थानमा ल्याउने क्रममा उनी भोकप्यास बिर्सेर खटिइरहेकी छिन् ।

एउटा उडान सकिएपछि अर्को उडानका लागि तयारी हुन्छ । बाढीले विरूप पारेका बस्तीका मानिसलाई उद्धार गर्न उनी उडेको-उड्यै छिन् । टिमुरे क्षेत्रमा एकैपटक पाँच-छवटासम्म हेलिकोप्टर उद्धारमा परिचालित भए । साँघुरो उपत्यकामा हवाई जोखिम पनि उत्तिकै छ । त्यसैले आकाशमा पनि निरन्तर समन्वय आवश्यक पर्छ । रेडियोमा पाइलटहरूबीच कुराकानी चलिरहन्छ। कसले कहाँ अवतरण गर्ने, कुन हेलिकोप्टरले उद्धार गर्ने र अर्को उडान कसरी मिलाउने भन्ने निर्णय आकाशमै गर्नुपर्छ ।

तलको भूगोल भने बाढीपछि बदलिएको छ। पहिले चिनिने बाटाहरू कतै छैनन्। बाढीले बस्तीको स्वरूप नै बदलेको छ। नदीको धार फेरिएको छ। अवतरणका लागि सुरक्षित ठाउँ खोज्नु अर्को चुनौतीको विषय बनेको छ। यही भूगोलमाथि प्रिया लगातार उडिरहेकी छन् ।

तर, हेलिकोप्टर उडाउनु उनको बाल्यकालदेखिको सपना थिएन । उनी पर्यावरण विज्ञान पढ्दै गर्दा एकपटक उनलाई हेलिकोप्टर चढ्ने अवसर मिलेको थियो। उडान सकिएपछि उनले पाइलटलाई सोधेकी थिइन्, 'म हेलिकोप्टर पाइलट कसरी बन्न सक्छु ?'

त्यही एउटा प्रश्नले उनको जीवनको बाटो बदलिदिएको थियो । पाइलट बन्ने तालिमका लागि उनी फिलिपिन्स पुगिन् । उडान सिकिन् । नेपाल फर्किएपछि व्यावसायिक रूपमा हेलिकोप्टर उडाउन थालिन् र अन्ततः नेपालकै पहिलो महिला हेलिकोप्टर क्याप्टेन बनिन् । उनको यात्रा त्यसपछि पनि सहज थिएन । नेपालको पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

सिन्डिकेटविरुद्ध संघ कार्यसमितिको संकल्प सार्वजनिक

मध्यान्ह संवाददाता
काठमाडौं, १७ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारी तथा सदस्यहरूले सिन्डिकेटविरुद्ध संघ कार्यसमितिको संकल्प सार्वजनिक गरेका छन् ।

संघका अध्यक्ष, पदाधिकारी तथा कार्यसमिति सदस्य गरी हस्ताक्षर गर्ने २१ जना प्रतिनिधिले व्यक्तिगत रूपमा तथा आफू सम्बद्ध इजाजतपत्रवाला संस्थामार्फत वैदेशिक रोजगार क्षेत्रमा हुने कुनै पनि प्रकारका सिन्डिकेट, एकाधिकार, कार्टेल वा अनुचित मिलोमतोमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न नहुने र हुन पनि नदिने सार्वजनिक संकल्पमा उल्लेख गरेका छन् ।

कुनै पनि आर्थिक प्रलोभन, व्यक्तिगत लाभ, भ्रम, षड्यन्त्र, दबाब वा धाकधम्कीका कारण व्यवसायीको साझा हित, समान अवसर र निष्पक्ष प्रतिस्पर्धाको पक्षमा उभिने आफ्नो प्रतिबद्धताबाट पछि नहट्ने उनीहरूले बताएका छन् ।

मलेसियासँग सम्बन्धित सिन्डिकेट गतिविधिमा संलग्न रहेको आरोप लागेका केही व्यक्ति वा समूहले विभिन्न प्रलोभन तथा प्रभावको प्रयोग गरी व्यवसायीहरूलाई आफ्नो पक्षमा तान्ने र भ्रम फैलाउने प्रयास भइरहेको भन्ने जानकारीप्रति गम्भीर रहेको भन्दै उनीहरूले नेपालको संविधान, प्रचलित कानुन र राज्यका निकायहरूभन्दा माथि कुनै लोभ, लालच, भ्रम वा कथित पहुँचको प्रभावमा नपरी सिन्डिकेटको जालमा नफस्न र कसैको माध्यम नबन्न सचेत गराएका छन् । पृष्ठ २ मा

प्रभावितलाई प्रधानमन्त्रीको ढाडस

'कोही कतै छुट्नुहुने छैन'

१ हजार २०४	४ हजार २१६ जना	३०१ जना	११ हजार ९९३
शव फेला	सम्पर्कविहीन	घाइते	उद्धार

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १७ भदौ

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले रसुवामा गएको विनाशकारी बाढीपछि बुधबार पहिलोपटक प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गरे ।

ठुलो जनधनको क्षति भएको छ । यसबाट मुलुक नै शोकमग्न छ । यसबेला प्रधानमन्त्री बालेनले प्रभावित र पीडितलाई उत्साह भर्ने प्रयास गरे । उनले सुरुमै भने, 'आज म विशेष जिम्मेवारीसहित यस गरिमामय सार्वभौम संसद्को रोस्ट्रममा उभिएको छु ।'

अनि यो विपद् सिंगै नेपालको भएको बताए । 'यो पीडा रसुवा, नुवाकोट वा धादिङको मात्र होइन, यो सिंगो नेपालको छातीमा परेको साझा बज्रपात हो' प्रधानमन्त्री बालेनले भनेका छन्, 'बाढीमा परेका नागरिकको कारुणिक चित्कार सुन्दा मेरो छाती चिसो हुन्छ ।'

भदौ १० गते भोटेकोशी त्रिशूली नदीमा विनाशकारी बाढी आएको थियो । उक्त बाढीले रसुवाको टिमुरे, स्याफ्रुबेसी, बेत्रावती, नुवाकोटको त्रिशूली बजार र देवीघाटलगायत धादिङ, चितवन र गोरखा जिल्लाका त्रिशूली नदीतटीय पृष्ठ २ मा

> प्रधानमन्त्री बालेनले प्रभावितका आफन्तलाई सम्बोधन गर्दै भने, 'सरकार हिजो पनि तपाईंसँगै थियो, आज पनि छ र भोलि पनि रहनेछ ।'

प्रधानमन्त्रीले पाएका थिए ५ मिनेटपछि सूचना

संसद्मा गरिएको ब्रिफिङअनुसार रसुवा बाढी सुरु भएको मिनेटपछि प्रधानमन्त्री बालेनले सूचना पाए । यसअघि परराष्ट्रमन्त्री शिशिर खनालले भदौ १० गते नै गरेको ब्रिफिङअनुसार ८:३७मा बाढी प्रभावित क्षेत्रमा भूकम्पको धक्कासमेत गएको थियो । ८:४०मा बाढी सुरु भएको थियो ।

बुधबार प्रधानमन्त्री बालेनले आफूले ८:४५ बजे बाढीको सूचना पाएको जानकारी दिए । 'बिहान ८:४५ बजे त्यो बेला जब संसद्मा उभिएर यहाँ उठाइने प्रश्नहरूको जवाफ दिने तयारी गर्दै थिएँ, तर सूचना आयो रसुवाको भोटेकोशीमा भीषण बाढी आयो । त्यो खबरले हामी गम्भीर बन्यौं । तत्कालै जिल्ला विपद् व्यवस्थापन समितिबाट ब्रिफिङ लियौं । सुरक्षा सतर्कता अपनाउन निर्देशन दियौं,' बालेनले भनेका छन्। बालेनका अनुसार लगत्तै मनसुनप्रतिकार्य कमान्ड पोस्टको आकस्मिक बैठक बसेर घटनाको अवस्था, खोज पृष्ठ २ मा

विभागको नयाँ महानिर्देशकमा ढकाल, आचार्य मन्त्रालय तानिइन्



काठमाडौं/मस- युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगार विभागका महानिर्देशक परिवर्तन गरेको छ। मन्त्रालयले विभागकी महानिर्देशक मिरा आचार्यलाई परिवर्तन गरी सहसचिव नवराज ढकाललाई पठाएको हो ।

ढकाल प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेको जनगुनासो सुन्ने 'हेलो सरकार'मा कार्यरत रहेका थिए । आचार्यलाई श्रम मन्त्रालयमा जिम्मेवारी दिइएको छ ।

तत्कालीन महानिर्देशक कमलप्रसाद भट्टराईको मधेश प्रदेशमा सरुवा भएपछि गत माघमा सहसचिव पृष्ठ २ मा

भदौ २४ मा एसोसिएसन नेतृत्वको छिनोफानो

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको नेतृत्वको वैधानिकताको छिनोफानो अर्को हप्ता हुनसक्ने देखिएको छ। उच्च अदालत पाटनले एसोसिएसनको गत असार ५ गते भएको अधिवेशनमा विजयी रामप्रसाद गैरे र पराजित किशोर केसीले दायर गरेका छुट्टाछुट्टै रिटलाई भदौ २४ गतेको पेशीमा एकैसाथ राख्न आदेश दिएपछि अन्यथा नभएको अवस्थामा उक्त दिन विवादको छिनोफानो हुने आकलन गरिएको छ ।

आफूलाई जिल्ला प्रशासन कार्यालयले अध्यक्षको जिम्मेवारी तोकेपछि कार्यसमिति र निर्वाचन समितिका पृष्ठ २ मा

विद्यालय शिक्षा ऐन ल्याउने तयारी

शिक्षक महासंघसँग मन्त्री पोखरेलको छलफल

काठमाडौं/मस-शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शिक्षा ऐन तर्जुमासहित शिक्षक महासंघले उठाउँदै आएका विभिन्न सवालबारे नेपाल शिक्षक महासंघका अध्यक्ष र प्रतिनिधिसँग छलफल गरेका छन्।

सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा बुधबार भएको छलफलमा शिक्षा ऐनलाई शीघ्र टुंगोमा पुऱ्याउने तथा महासंघले विगतमा उठाउँदै आएका विषयलाई दुईपक्षीय संवादमार्फत समाधान गर्ने विषयमा कुराकानी भएको थियो।

त्यसैगरी हालैको रसुवाको भोटेकोशी नदामा आएको बाढीको बिपद् र प्रभावित विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन गर्नुपर्ने उपायकाबारेमा पनि छलफल भएको थियो।

छलफलमा शिक्षामन्त्री पोखरेलसहित मन्त्रालयका उच्च अधिकारी, नेपाल शिक्षक महासंघका अध्यक्ष र प्रतिनिधि सहभागी थिए।

सो अवसरमा मन्त्री पोखरेलले विद्यालय शिक्षा ऐन निर्माणको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी दिँदै छुटेका विषय तथा प्राप्त राय-सुझावलाई ऐनमा समेट्ने बताए। उनले नयाँ शिक्षा ऐनले गुणस्तरीय शिक्षाको सुनिश्चिततासँगै विद्यार्थीलाई स्वदेशमै

गुणस्तरीय शिक्षा हासिल गर्ने वातावरण निर्माणमा जोड दिने उल्लेख गरे।

विद्यालय शिक्षा तथा उच्च शिक्षा सुधारका लागि सबै सरोकारवाला जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिँदै मन्त्री पोखरेलले विद्यार्थीलाई स्वदेशमै रोक्न गुणस्तरीय शिक्षा र अवसरको वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याए।

उनले विपद्का समयमा विद्यार्थीको सुरक्षा सुनिश्चित गर्न विद्यालयमा समय-समयमा विपद् व्यवस्थापनसम्बन्धी अभ्यास गराउनुपर्ने बताए।

शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले विद्यालय शिक्षा सुधारका लागि विद्यालय शिक्षा ऐनलाई थप समृद्ध बनाएर अघि बढाउनुपर्ने बताए। शिक्षा क्षेत्रका समस्या समाधानका लागि मन्त्रालय र महासंघबीचको सहकार्यलाई थप बलियो बनाउनुपर्नेमा उनले जोड दिए।

मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले शिक्षक महासंघले उठाएका विषयलाई प्रक्रियागत रूपमा संवाद र सहमतिका माध्यमबाट अघि बढाउनुपर्ने बताए।

महासंघका अध्यक्ष सुवेदीले आफूहरूले उठाएका सवाल संवादमार्फत समाधान गर्न सकिने धारणा राखे। विद्यालय शिक्षा ऐन शीघ्र जारी भए शिक्षक महासंघ सबैभन्दा खुसी हुने बताउँदै उनले मन्त्रालयसँगको संवाद र सहकार्यबाट शिक्षा क्षेत्रका समस्याको समाधान खोज्न सकिने उल्लेख गरे।

छलफलमा सहभागी अन्य शिक्षक संगठनका पदाधिकारीले पनि मन्त्रालयसँगको संवाद र सहमतिका आधारमा शिक्षा क्षेत्रका समस्या समाधान गर्नुपर्ने धारणा राखेका थिए।

'नेपाल सुरक्षित छ' भन्ने सन्देश विश्वभर पुऱ्याउन सरकार र पर्यटन क्षेत्रलाई आग्रह

काठमाडौं/मस-भोटेकोशी-त्रिशूली बाढीबाट पर्यटन क्षेत्रमा परेको गम्भीर असरपछि संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिले पर्यटकको खोजी तथा उद्धारसँगै अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटनप्रतिको विश्वास पुनःस्थापित गर्न तत्काल विशेष रणनीति अपनाउनुपर्नेमा जोड दिएको छ।

समितिकी सभापति सुम्निमा उदासले 'नेपाल सुरक्षित छ' भनेर मात्र पुग्ने अवस्था नरहेको बताउँदै पर्यटक तथा अन्तर्राष्ट्रिय समुदायमा विश्वास पैदा गर्ने गरी सरकार र पर्यटन क्षेत्रले संयुक्त रूपमा काम गर्नुपर्ने बताइन्। विपद्पछि नेपालको पर्यटनबारे सकारात्मक र विश्वसनीय सन्देश प्रवाह गर्नुपर्नेमा उनले जोड दिइन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्ग राज पौडेल 'गनेस'ले विपद्पछिको उद्धार तथा राहतप्रति सरकार संवेदनशील र जिम्मेवार रहेको बताए। हेलिकोप्टर परिचालनलाई एकद्वार प्रणालीमा ल्याएर उद्धारलाई व्यवस्थित गरिएको उनले जानकारी दिए।

भोटेकोशी क्षेत्रबाहेक दैनिक पाँचवटा उडान सार्वजनिक सेवाका रूपमा निःशुल्क सञ्चालन भइरहेको जानकारी दिँदै मन्त्री पौडेलले अन्तर्राष्ट्रिय समुदायको विश्वास कायम गर्न र नेपालमा पर्यटक आगमन बढाउने रणनीतिबारे सरकारले काम गरिरहेको बताए।

उनले पर्यटन व्यवसाय भावना र सहानुभूतिसँग जोडिएको व्यवसाय भएकाले अहिले पर्यटन क्षेत्रले ठूलो मानवीय तथा आर्थिक क्षति व्यहोर्नुपरेको बताए। प्रभावित पर्यटन श्रमिकका लागि कर्मचारी कल्याणकारी कोष स्थापना गर्न सरकारले काम गरिरहेको उनको भनाइ छ।

मन्त्री पौडेलले भोटेकोशी विपद्लाई जलवायु परिवर्तनसँग जोडेर दीर्घकालीन रूपमा रसुवालाई 'क्लाइमेट हेरिटेज' का रूपमा विकास गर्ने अवधारणा अघि सार्नुपर्ने बताए। हिमालहरू विश्वकै साझा जलवायु सम्पदा भएकाले नेपालले यस्ता विपद्बाट भएको क्षति तथा जलवायु न्यायको मुद्दालाई अन्तर्राष्ट्रिय रूपमा उठाउनुपर्ने उनको भनाइ छ। प्रतिनिधि सभा सदस्य तथा अन्तर्राष्ट्रिय सम्बन्ध

तथा पर्यटन समिति सदस्य अनुष्का श्रेष्ठले संकटका बेला सूचना प्रवाहलाई इन्फोग्राफिक्स तथा डिजिटल माध्यमबाट तीव्र र प्रभावकारी बनाउनुपर्ने सुझाव दिइन्। सम्बन्धित निकायमा नेतृत्व तथा पद रिक्त हुँदा निर्णय प्रक्रिया प्रभावित हुनसक्ने भन्दै आवश्यक पदपूर्ति तत्काल गर्नुपर्ने धारणा उनले राखिन्।

समिति सदस्य जगदीश खरेलले प्रभावित क्षेत्रमा उद्धारको प्रतीक्षामा रहेका नागरिकसम्म राज्य तत्काल पुग्नुपर्ने बताए। रसुवामा हराइरहेका विदेशी पर्यटकका परिवार तथा आफन्तलाई भिसामा सहजता र होटलमा छुट दिनुपर्ने तथा प्रधानमन्त्री राहत कोषबाट पर्यटन पुनःस्थापनाका लागि कम्तीमा १५ प्रतिशत रकम छुट्याउनुपर्ने प्रस्ताव उनले राखे। रसुवामा विपद्मा ज्यान गुमाएका विदेशी पर्यटकको स्मृतिमा स्मारक निर्माण गर्नुपर्ने सुझाव पनि उनले दिए। समिति सदस्य प्रेमकुमार हमालले जलवायु परिवर्तन र जलवायु न्यायलाई अब पर्यटन नीतिको केन्द्रमा राख्नुपर्ने बताए। हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिमलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउँदै नेपालले क्षति तथा नोक्सानीको मुद्दालाई प्रभावकारी रूपमा अघि बढाउनुपर्नेमा उनले जोड दिए। समितिका सदस्य सन्दीप रानाले तत्काल उद्धारलाई पहिलो प्राथमिकता दिँदै विदेशी पर्यटकका परिवारलाई सूचना प्रवाह तथा समन्वयका लागि निश्चित सहायता कक्ष स्थापना गर्नुपर्ने बताए। हराइरहेका आफन्तबारे सूचना नपाउँदा परिवारमा बढेको त्रास कम गर्न एकीकृत सूचना प्रणाली आवश्यक रहेको उनको भनाइ छ।

समितिका सदस्य धनन्जय रेग्मीले पर्यटक पठाउने व्यवसायीले आफ्ना पर्यटकको वास्तविक तथ्यांक नेपाल पर्यटन बोर्डलाई जानकारी गराउन नसक्दा बाढीमा बेपत्ता भएका पर्यटकको वास्तविक अवस्थाबारे अझै अन्योल रहेको बताए।

विश्वव्यापी रूपमा जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको अवस्थामा जुनसुकै देशमा जतिखेर पनि क्षति हुनसक्ने भन्दै उनले पूर्वसावधानी र सुरक्षाका उपाय सुनिश्चित गर्दै अन्तर्राष्ट्रिय बजारमा नेपाल सुरक्षित रहेको विश्वास दिलाउन सकिने बताए।

नेपाल पर्यटन बोर्डका सदस्य सहदेव धामलाले पर्यटन व्यवसाय नै जोखिममा पर्नसक्ने र ठूलो संख्यामा पर्यटन श्रमिक प्रभावित भएको बताए। पर्यटन क्षेत्रमा कार्यरत कर्मचारीका लागि सामाजिक सुरक्षा तथा बीमाको व्यवस्था गर्नुपर्ने र पर्यटक सूचना व्यवस्थापनमा टिम्सको प्रभावकारी कार्यान्वयन अत्यावश्यक रहेको उनको भनाइ छ। पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछानेले भोटेकोशीमा आएको विनाशकारी बाढीपछि पर्यटक तथा यात्रुको खोजी, उद्धार र अवस्थाबारे नियमित सूचना प्रवाह भइरहेको बताए। सम्बन्धित निकाय, पर्यटन व्यवसायी तथा सुरक्षा संयन्त्रसँग समन्वय गरी प्रभावित क्षेत्रमा रहेका पर्यटकको अवस्थाबारे सूचना संकलन भइरहेको उनले जानकारी दिए।

नेपाल पर्यटन बोर्डका निमित्त कार्यकारी प्रमुख हिक्मत सिंह ऐरेले संकटका बेला नेपाल पर्यटन बोर्डबाट संयुक्त रूपमा सूचना प्रवाह भइरहेको बताए। पर्यटन पुनरुत्थानका लागि अभियानलाई थप प्रभावकारी बनाउने तथा आवश्यक परे हवाई भाडा र होटलमा छुट वा निःशुल्क सुविधा उपलब्ध गराउने प्रस्ताव अघि बढाइएको उनले जानकारी दिए।

बाढीमा दिवंगत प्रहरीको परिवारलाई १० लाख आर्थिक सहायता र ऋण मिनाहा

काठमाडौं/मस-नेपाल प्रहरीले भोटेकोशी बाढीमा परी दिवंगत प्रहरी कर्मचारीको परिवारजनलाई विशेष आर्थिक सहयोगस्वरूप तत्काल प्रतिव्यक्ति रु १० लाख आर्थिक सहायता उपलब्ध गराउने भएको छ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको अध्यक्षतामा प्रहरी हेडक्वार्टरमा बसेको नीति निर्माण समितिको बैठकले उक्त निर्णय गरेको हो। बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ४० करोडसमेत प्रदान गर्ने निर्णय गरेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए।

बैठकले बाढीपछि सम्पर्कविहीन प्रहरीको खोजीका लागि सम्बन्धित परिवारको समन्वयमा विशेषज्ञ सहितको

टोली परिचालन गर्ने निर्णय गरेको छ। यही भदौ १० गतेको भोटेकोशी बाढीमा परी २५ प्रहरी अझै बेपत्ता छन्।

दिवंगत प्रहरीले कल्याण कोषबाट लिएको विशेष सापटी ऋण रकम मिनाहा गर्ने र उनीहरूको परिवारबाट इच्छुक एक जनालाई सीपमूलक तालिम प्रदान गर्ने बैठकको निर्णय छ। उनीहरूका सन्ततिलाई शैक्षिक वृत्तिअन्तर्गत पायकपर्ने प्रहरी आवासीय विद्यालयमा आधारभूत तहसम्म र नेपाल प्रहरी आवासीय विद्यालय साँगा काभ्रेमा उच्च शिक्षा निःशुल्क प्रदान गर्ने समितिको निर्णय छ। बैठकले बाढी प्रभावित क्षेत्रका इलाका प्रहरी कार्यालय टिमुरे, अस्थायी प्रहरी पोष्ट मैलुङ, प्रहरी चौकी रसुवागढी, स्याफ्रुवेशी र बेत्रावतीमा कार्यरत प्रहरीको व्यक्तिगत सामग्री क्षतिको राहतस्वरूप जनही ५० हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको प्रवक्ता काफ्लेले जानकारी दिए।

हरायो....

क्षेत्र अन्त्येष्टि गरिसकेका छन्। बुधबार मात्र ३८ परिवारले कोषमा नाम दर्ता गराएर कुशको शव बनाएर दाहसंस्कार गरेका छन्। कोषले निःशुल्क अन्त्येष्टिको व्यवस्था गरेको जनाएको छ।

बेपत्ताका आफन्तहरू बिहानैदेखि आर्यघाट पुगेर परम्पराअनुसार कुशको प्रतिमा बनाउँछन् र त्यसलाई मृतकको प्रतीक मानेर अन्तिम संस्कार गर्छन्। कतिपयले बेपत्ता आफन्तको अनुहार झल्किने गरी प्रतिमा बनाउने गरेका छन्। पशुपतिस्थित क्रियापुत्री घरसमेत भरिन थालेको कोषले जनाएको छ।

नेपाल प्रहरीका अनुसार, भोटेकोशी बाढीबाट ९११ जनाको शव पहिचान भएको छैन। ९५ जनाको मात्र शव पहिचान भएर सम्बन्धित परिवारलाई हस्तान्तरण गरिएको छ। त्यसमा पनि ३१ जना बालक, ४५ जना बालिका, २२४ महिला,३९५ पुरुष, ४२३ जना आंशिक अंग गरी १ हजार १ सय १३ जनाको शव भेटिएको छ।

कुशको शव बनाउने परम्परा

सनातन हिन्दु परम्परामा प्राकृतिक विपत्ति, दुर्घटना, युद्ध वा विदेशमा मृत्यु भएका व्यक्तिको वास्तविक शव फेला नपरेको अवस्थामा प्रतीकात्मक शव बनाएर अन्त्येष्टि गर्ने चलन छ। कुश वा पलाशलगायत पवित्र सामग्रीबाट मृतकको प्रतिकृति बनाएर गरिने यस्तो विधिलाई 'पलाशविधि' वा 'पुत्तलदाह' भनिन्छ।

हिन्दु परम्परामा अन्त्येष्टिलाई सोह संस्कारमध्ये अन्तिम र महत्त्वपूर्ण संस्कार मानिन्छ। शव फेला नपरेको अवस्थामा पनि मृतकको सम्झनामा अन्तिम संस्कार पूरा गर्ने धार्मिक मान्यता छ। यसबाट परिवारले काजकिरिया सुरु गर्ने र शोकको धार्मिक प्रक्रियामा प्रवेश गर्ने बाटो खुल्छ।

कुशको प्रतिमा तयार गर्दा पवित्र मानिने वनस्पति कुश र पलाशका हाँगा प्रयोग गरिन्छ। मानव आकारको प्रतिमा बनाएर त्यसमा शरीरका विभिन्न अंगको प्रतीकका रूपमा प्रयोग गर्ने परम्परा छ। टाउकोको स्थानमा नरिवल र छातीको भागमा ऊन वा कपडा राख्ने धार्मिक मान्यता छ। तयार पारिएको आकृतिलाई वास्तविक शवसरह कात्रो ओढाएर अन्तिम संस्कार गरिन्छ।

सामान्यतः कुशको शवलाई तुलसीको मोठ वा घरको आँगनमा राखेर शास्त्रोक्त विधिअनुसार संकल्प गरिन्छ। त्यसपछि परिवार र मलामीले नदी किनार वा घाटमा लगेर वैदिक मन्त्रोच्चारणसहित दागबत्ती दिने र दाहसंस्कार गर्ने परम्परा छ। दाहसंस्कारपछि काजकिरिया, पिण्डदान र श्राद्धका प्रक्रिया पूरा गरिन्छ।

तर, व्यक्ति हराएको मात्र हो र ऊ जीवित छ वा मृत भन्ने कुनै प्रमाण छैन भने यस्तो विधि तत्काल गर्ने विषयमा धार्मिक शास्त्रमा फरक व्यवस्था रहेको जानकारहरू बताउँछन्। सामान्यतः लामो समय पर्खिनुपर्ने मान्यता छ। तर बाढी, पहिरो, दुर्घटना वा अन्य विपत्तिमा मृत्यु भएको बलियो प्रमाण भए पनि शव मात्र फेला नपरेको अवस्थामा परिवारले खोजीको केही समयपछि प्रतीकात्मक अन्त्येष्टि गर्न सक्ने धार्मिक अभ्यास रहिआएको छ।

उद्धारमा...

हिमाली भूगोलमा उडान आफैं चुनौतीपूर्ण काम हो। उच्च उचाइ, साँघुरा उपत्यका, बदलिइरहने मौसम र कठिन अवतरणस्थलसँग पाइलटले निरन्तर जुध्नुपर्छ। प्रिया यही भूगोलमा उडानको अनुभव बटुल्दै गइन्। ६ हजार मिटरभन्दा माथिको उचाइमा पुगेर पर्वतारोहीको उद्धार गरेका अनुभव पनि उनीसँग छन्।

तर, अहिलेको भोटेकोशी बाढी फरक खालको चुनौती बनेर आएको छ। हेलिकोप्टरबाट तल हेर्दा विपत्तिको भयंकर देखिन्छ। सिएनएनका एन्डरसन कुपरसँगको एक कुराकानीमा प्रियाले लगातारको उद्धार उडानले ल्याएको थकान र आँखैअगाडि देखिएको विनाशको भावनात्मक असरबारे बताएकी छन्। तर, ककपिटमा धेरैबेर त्यो दृश्य हेरेर बस्ने समय हुँदैन।

अगाडिको भूगोल हेर्नुपर्छ। अवतरणका लागि ठाउँ खोज्नुपर्छ। मौसम र हावाको अवस्था बुझ्नुपर्छ। आसपास उडिरहेका अरू हेलिकोप्टरसँग समन्वय गर्नुपर्छ। उद्धार गरिसकेपछि फेरि अर्को गन्तव्यतर्फ लाग्नुपर्छ। उनले एकै सातामा गरेका सयभन्दा बढी उडानमा यही क्रम दोहोरिएको छ।

सिन्डिकेटविरुद्ध...

सम्पूर्ण व्यवसायीहरूलाई व्यवसायी एकता, समान अवसर र स्वस्थ प्रतिस्पर्धाको पक्षमा दृढतापूर्वक उभिन आह्वान गर्दै उनीहरूले सिन्डिकेटधारीहरूलाई कमजोर बनाउनुपर्ने निर्णायक समयमा व्यवसायी एकता कमजोर पार्ने र आफ्नो छाता संघप्रति अविश्वास गरी अनावश्यक प्रचार र प्रहार गर्ने-गराउने कुनै पनि प्रयास अन्ततः सिन्डिकेटकै पक्षमा हुने र सिन्डिकेटधारीहरूले नै गर्ने-गराउने गरेको भन्ने आफूहरूको ठहर रहेको उनीहरूले संकल्पमा उल्लेख गरेका छन्।

विभागका...

आचार्यलाई महानिर्देशकको जिम्मेवारीमा पठाइएको थियो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत रहँदा 'कुलिङ अफ पिरियड' प्रकरणमा तानिएकी आचार्यले संसदीय समितिमा बयान दिएर आफ्नो बचाउ गरेकी थिइन्।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ट्याक्सी वे बनिरहेको अवस्थामा नेपालमा हुने उडान कटौतीका कारण भारतीय विमानस्थलबाट कामदार उडाएको विषयमा म्यानपावर व्यवसायीलाई जरिवाना र कारबाही गरेपछि आचार्यको आलोचना भएको थियो।व्यवसायीले आचार्यको निर्णय व्यवसायीलाई अपराधीकरण गर्ने उद्देश्यले आएको भन्दै पटक-पटक सच्याउन आग्रह गर्दा उनले आफूले उक्त निर्णय परिवर्तन गर्न नसक्ने भन्दै जरिवाना र सचेत गराउने कारबाहीमा परेका व्यवसायीलाई चित्त नबुझेको भए श्रम मन्त्रालयमा पुनरावेदन गर्न सक्ने ठाडो जवाफ फर्काएको व्यवसायीहरू बताउँछन्।

भदौ २४ मा...

संयोजकले दैनिक कामकाजमा अवरोध गरेको भन्दै केसीले दायर गरेको निषेधाज्ञा रिट ८२-डब्लुओ-२४१९ मा अध्यक्ष गैरेले दायर गरेको उत्प्रेषण रिट ०८२-डब्लुओ-००८९ सँग अन्तरसम्बन्धित रहेको भनी कानुन व्यवसायीले उल्लेख गरेकाले उल्लेखित रिट निवेदन प्रस्तुत रिट निवेदनसँग लगाउमा राखी नियमानुसार गरी पेश गर्नू भन्ने बुधबार आदेश भएको छ।

यसअघि गत साउन २६ गते उच्च अदालत पाटनले एसोसिएसनको असार ५ गते सम्पन्न अध्यक्षको निर्वाचनसम्बन्धमा थप निर्णय तथा कामकारबाही नगर्नू, नगराउनू भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाममा अन्तरिम आदेश जारी गरेको थियो।

प्रभावितलाई ...

क्षेत्र प्रभावित छ। बाढीमा परी बेपत्ता भएकामध्ये १ हजार २०४ जनाको शव फेलापरेको छ।

४ हजार २१६ जना सम्पर्कविहीन छन्। ३०१ जना घाइते भएका छन्। हालसम्म बाढी प्रभावित क्षेत्रबाट ११ हजार ९९३ जनाको उद्धार गरिएको छ।

यो अवस्थाबारे प्रतिनिधिसभामा ब्रिफिङ गर्दै प्रधानमन्त्री बालेनले प्रभावित व्यक्ति र मृतकका आफन्तलाई ढाढस् दिने प्रयास गरे। 'रुसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण सम्पर्कविहीन हुनुभएका नागरिकको खोजी जारी रहनेछ। घाइतेको उपचार जारी रहनेछ।' उनले भनेका छन्, 'घरबारविहीन हुनुभएकाहरूका लागि तत्कालका लागि अस्थायी र दीर्घकालीन पुनर्स्थापनामा सरकार लाग्नेछ। कोही कतै छुट्नुहुने छैन।'

साथै प्रधानमन्त्रीले विपद् पश्चात् खोज, उद्धार, उपचार, राहत र व्यवस्थापनदेखि पुनर्स्थापनाको चरणसम्म खटिएका सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, मन्त्रिपरिषद्का सदस्यहरू, प्रदेश र स्थानीय सरकार, राजनीतिक दल, जनप्रतिनिधिलाई धन्यवाद दिए। स्थानीय, स्वयमसेवी संस्थाहरू, आमनागरिक, मित्रराष्ट्रहरू, अन्तर्राष्ट्रिय संघसंस्थालगायत सम्पूर्ण सरोकारवालाप्रति आभार व्यक्त गरे र आगामी दिनमा पनि निरन्तर साथ र सहयोगको लागि आग्रह गरे। प्रधानमन्त्री बालेनले प्रभावितका आफन्तलाई भनेका छन्, 'सरकार हिजो पनि तपाईसँगै थियो, आज पनि छ र भोलि पनि रहनेछ।'

यसक्रममा प्रधानमन्त्री बालेनले भदौ १० गते आफू कस्तो अवस्थामा रहँदा बाढीको सूचना पाएको हो भनेर पनि संसदमा सुनाएका छन्।

प्रधानमन्त्रीले...

तथा उद्धार, सुरक्षा व्यवस्थापन, स्वास्थ्य सेवा र राहत परिचालनबारे समन्वयको काम अगाडि बढाइयो।

पृथ्वी राजमार्गको गल्छी, नुवाकोट, रसुवाको स्याफ्रुबेसी सडक तथा मुग्लिङ-नारायणगढ सडकमा तत्काल यात्रा नगर्न र नगराउन सम्बन्धित स्थानीय तह प्रशासन र सर्वसाधारणलाई अनुरोध गरिएको थियो।

जोखिमयुक्त क्षेत्रमा यातायातलगायत आवतजावतमा पूर्ण रोक लगाई नागरिकको जीवन सुरक्षालाई पहिलो प्राथमिकतामा राख्न स्थानीय प्रशासनलाई निर्देशन दिइएको थियो।

खोज तथा उद्धार कार्यलाई तीव्र बनाउन रसुवा तथा नुवाकोटमा नेपाली सेना र निजी क्षेत्रका हेलिकप्टर परिचालन गरिएको थियो।

प्रभावित क्षेत्रमा आवश्यकताअनुसार थप हवाई तथा स्थल उद्धार स्रोत परिचालन गरिएको छ। रसुवा र नुवाकोट जिल्ला विपद् व्यवस्थापन कोषमा १ करोड रुपैयाँका दरले र धादिङ जिल्ला विपद् व्यवस्थापन कोषमा ५० लाख रुपैयाँ थप निकासा गरिएको छ।

सरकारको सम्पूर्ण ध्यान प्रभावित नागरिकको जीवनरक्षा, खोज तथा उद्धार, उपचार, राहत तथा सुरक्षित स्थानान्तरणमा केन्द्रित भएको प्रधानमन्त्री शाहले बताएका छन्।

विद्यालयको नाम परिवर्तन सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१८

काठमाडौं जिल्ला बुढानीलकण्ठ न.पा. वडा नं. १२ स्थित **पुष्पलाल मेमोरियल मा.वि.**को नाम परिवर्तन गरी **'नमुनादीप इंग्लिस माध्यमिक विद्यालय** (NAMUNA DEEP ENGLISH SECONDARY SCHOOL)' कायम गर्नका लागि बुढानीलकण्ठ नगरपालिकाको शिक्षा युवा तथा खेलकुद महाशाखामा प्रक्रिया अगाडि बढाइएको छ।

उक्त विद्यालयको नाम परिवर्तन गर्ने सम्बन्धमा कसैको कुनै दाबी-विरोध भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स्पष्ट दाबी सहित बु.न.पा. शिक्षा महाशाखामा लिखित निवेदन दर्ता गराउनुहुन अनुरोध छ।

मलेसियामा रोजगार

कम्पनी : **AMINIA MANAGEMENT SDN BHD**
पूर्व स्वीकृत मितिः २०८३/०५/१७ चलानी नं.: ६०२६०६४३
शहर : **MALAYSIA**
LT. No.: 347458

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Plantation Worker	5	0	स. काममा दक्ष	1700	६३,८१८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २५ गते (10 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

GSHR
श्रम इजाजत नं. १५८४/०७९/०८०

GAURISHANKAR H. R. SOLUTIONS PRIVATE LIMITED
Sinamangal, Kathmandu, Nepal. Tel : 5916185, 5917185. Mobile No: 9823238185 (Yadab Rai).
E-mail: info@gshr.com.np, Website: www.gshr.com.np

बाढीपीडितको राहत र पुनर्स्थापना गर्न सरकारलाई निर्देशन

काठमाडौं/मस– सभामुख डोलप्रसाद अर्यालले मुलुकको भौगोलिक संवेदनशीलता र जलवायु परिवर्तनका कारण बढ्दो विपद्प्रति चिन्ता व्यक्त गरेका छन् । उनले भोटेकोशी र त्रिशूली नदीमा हालै आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा विशेष ध्यान दिन सरकारलाई निर्देशन दिएका छन् ।

बुधबारको प्रतिनिधिसभा बैठकमा सभामुख अर्यालले भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति प्रतिनिधि सभाको तर्फबाट गहिरो दुःख व्यक्त गर्दै विशेष प्रस्ताव प्रस्तुत गरेका हुन् ।

भदौ १० गते भोटेकोशी र त्रिशूली नदीमा आएको भीषण बाढीका कारण रसुवाको टिमुरे, स्याफ्रुबेसी, बेत्रावती, नुवाकोटको त्रिशूली बजार र देवीघाटलगायत धादिङ, चितवन र गोरखाका तटीय क्षेत्रमा ठूलो क्षति पुगेको छ । बाढीमा परी थुप्रै स्वदेशी तथा विदेशी नागरिकले ज्यान गुमाएका छन् भने कतिपय अझै बेपत्ता रहेका छन् ।

सभामुख अर्यालले विपद् प्रभावितहरूको उद्धार, राहत तथा विस्थापितहरूको पुनःस्थापनाका लागि तीनवटै तहका सरकार, राजनीतिक दल, नागरिक समाज र राज्यका सबै संयन्त्र परिचालन गर्न सरकारलाई निर्देशन दिएका छन् ।

घाइतेहरूको उचित उपचार सुनिश्चित गर्न तथा प्रभावित क्षेत्रका महिला र बालबालिकाको सुरक्षा एवं मानसिक स्वास्थ्यप्रति संवेदनशील हुनसमेत उनले सरकारको ध्यानाकर्षण गराएका छन् । उद्धार कार्यमा अहोरात्र खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा सञ्चारकर्मीप्रति प्रतिनिधि सभाले धन्यवाद ज्ञापन गरेको छ । साथै, अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त प्राविधिक सहयोग र सद्भावप्रति पनि सभाले आभार व्यक्त गरेको छ । सभामुख अर्यालले नेपालको कमजोर भू-संरचना र जलवायु परिवर्तनका कारण वर्षेनि ५०० भन्दा बढी विपद्का घटना हुने गरेको तथ्य प्रस्तुत गरेका छन् । हिमाली क्षेत्रमा बढ्दो तापक्रम र हिमताल विस्फोटको जोखिमतर्फ संकेत गर्दै उनले अब 'विपद् पछिको व्यवस्थापन' मात्र नभई 'पूर्वतयारीको संस्कृति' निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । जलवायु परिवर्तनका कारण सिर्जित क्षति र नोक्सानीका विषयमा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको आवाज बलियो बनाउनसमेत उनले सरकारलाई आग्रह गरेका छन् ।

उनले भने, 'जलवायु परिवर्तनबाट सिर्जित राष्ट्रिय सुरक्षा चुनौतीका सम्बन्धमा नेपालले आफ्नो मुद्दा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गराउन आवश्यक छ ।'

प्रतिनिधि सभाले राष्ट्रिय शोकको यस घडीमा सबै पक्षलाई ऐक्यबद्ध रहन तथा विपद् व्यवस्थापनमा सक्रिय भूमिका खेल्न आह्वान गरेको छ । सभामुखद्वारा प्रस्तुत विशेष प्रस्ताव प्रतिनिधि सभाले सर्वसम्मतिले पारित गरेको छ । बैठकले बाढीमा परी ज्यान गुमाएकाहरूको आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौनधारणसमेत गरेको छ । सभाले शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

बाढी प्रभावित विदेशी पर्यटकका परिवारलाई निःशुल्क भिसा दिन सांसदहरूको माग

रसुवामा आएको भीषण बाढीपहिरोमा परी सम्पर्कविहीन भएका तथा ज्यान गुमाएका विदेशी पर्यटकका परिवारलाई नेपाल आउन र बस्न निःशुल्क व्यवस्था गर्न सांसदहरूले सरकारसँग माग गरेका छन् । बुधबार बसेको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकमा सांसदहरूले बाढी प्रभावित विदेशी पर्यटकका परिवारलाई सहज रूपमा नेपाल आउने वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराएका हुन् । सांसदहरूले उद्धार तथा खोजी कार्यलाई पहिलो प्राथमिकतामा राख्दै प्रभावित पर्यटकका परिवारलाई आवश्यक सूचना तथा सेवा एकै ठाउँबाट उपलब्ध गराउनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद जगदीश खरेलले प्रभावित विदेशी पर्यटकका परिवारलाई नेपालमा निःशुल्क बसोबास, यातायात र भिसाको व्यवस्था गर्न सरकार तथा निजी क्षेत्रसँग आग्रह गरेका छन् । विदेशी पर्यटकका मृतक तथा बेपत्ता परिवारलाई लक्षित गरी सरकारले तत्कालै निःशुल्क भिसा र आवश्यक आतिथ्य सेवाको घोषणा गर्नुपर्ने उनले बताए ।

यस्तो व्यवस्थाले विपद्का बेला नेपालले पर्यटकप्रति मानवीयता र आतिथ्यता देखाएको सकारात्मक सन्देश अन्तर्राष्ट्रियस्तरमा जाने उनको भनाइ छ । रसुवामा विदेशी तथा नेपाली मृतक र बेपत्ताको स्मरणमा 'टुरिस्ट मेमोरियल पार्क' वा स्मारक निर्माण गर्न पनि उनले सरकारसँग माग गरेका छन् । पर्यटक धेरै प्रभावित भएको क्षेत्रमा स्मारक निर्माण गर्दा सम्बन्धित देशसँग नेपालको दीर्घकालीन आत्मीयता कायम गर्न सहयोग पुग्ने उनले बताए । जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको क्षतिलाई अन्तर्राष्ट्रिय मञ्चमा क्षतिपूर्तिको विषयका रूपमा उठाउनुपर्नेमा पनि उनले जोड दिए ।

नेपाली काँग्रेसका सांसद सन्दिप रानाले विदेशी पर्यटकका परिवार आफ्ना आफन्तको खोजीका लागि विभिन्न ठाउँमा भौतारिनुपरेको बताएका छन् । उनले एउटै स्थानबाट सबै सूचना उपलब्ध हुने गरी 'वन प्वाइन्ट हेल्प डेस्क' स्थापना गर्न माग गरेका छन् ।

हराएका विदेशी पर्यटकसँग सम्बन्धित टुर अपरेटरहरूलाई समेत एकै ठाउँमा बोलाएर समन्वय गर्नुपर्ने उनको भनाइ छ । टुर अपरेटरहरूले समेत घटनाबारे पर्याप्त सूचना नपाउँदा पीडित परिवार थप आर्तकित भएको उनले बताए ।

विदेशी पर्यटकका परिवारलाई निःशुल्क भिसा उपलब्ध गराउनुपर्ने तथा उनीहरू नेपालमा रहँदा होटल, यातायात र सम्बन्धित स्थानमा पुग्न आवश्यक सेवा टुर अपरेटरमार्फत निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने उनले बताए ।

बाढीका कारण नेपालको पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभाव कम गर्न पर्यटन तथा परराष्ट्र मन्त्रालयले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई नेपालको वास्तविक अवस्था तथा उद्धार र पुनःस्थापनाका प्रयासबारे जानकारी गराउनुपर्ने उनको भनाइ छ । नेपाली कम्युनिष्ट पार्टीका सांसद प्रमेश हमालले विपद्लाई जलवायु कूटनीति र जलवायु न्यायसँग जोडेर अन्तर्राष्ट्रियस्तरमा उठाउनुपर्ने बताएका छन् । नेपालसँग अन्तर्राष्ट्रिय तथा क्रस-बोर्डर सूचनाको अभाव देखिएको भन्दै उनले सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए ।

नेपालमा पर्यटन प्रवर्द्धनका लागि विदेशी कूटनीतिक नियोग तथा कन्सुलर प्रतिनिधिलाई बोलाएर सरकारले घटनाको अवस्थाबारे जानकारी दिनुपर्ने उनले बताए । अन्तर्राष्ट्रिय सञ्चारका लागि अंग्रेजी भाषासँगै फ्रेन्च र स्पेनिस भाषामा समेत पछिल्ला अपडेट सार्वजनिक गर्नुपर्ने उनको भनाइ छ ।

मानसरोवर जाने तीर्थयात्रीलाई लक्षित गर्दै चीनका क्षेत्रीय विमानस्थलसँग समन्वय गरी नेपालबाट नियमित उडान सञ्चालन गर्न सकिएमा त्यसले पर्यटन पुनरुत्थानमा योगदान पुग्ने उनले बताए ।

बाढीमा मृत्यु भएका तथा बेपत्ता विदेशी पर्यटकको पहिचानका लागि डीएनएलगायत प्राविधिक प्रक्रिया प्रभावकारी बनाउनुपर्ने तथा शवको सुरक्षित व्यवस्थापन र विदेशी नागरिकको स्वदेश फिर्ती सहज बनाउन विशेष व्यवस्था गर्नुपर्ने उनले बताए ।

बैठकमा सांसदहरूले बाढीमा परी बेपत्ता भएकाहरूको खोजी तथा उद्धारमा सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिएका छन् । अझै धेरै व्यक्ति सम्पर्कविहीन रहेको भन्दै खोजी तथा उद्धार कार्यलाई तीव्रता दिन उनीहरूले सरकारको ध्यानाकर्षण गराएका छन् । ग्लोबल वार्मिङ, हिमताल विस्फोट तथा जलवायुजन्य विपद्को जोखिम आगामी दिनमा थप बढ्नेतर्फ पनि सांसदहरूले सरकारलाई सचेत गराएका छन् । विपद् न्यूनीकरणका लागि सरकार, निजी क्षेत्र र समग्र नेपाली समाज एकजुट भएर लाग्नुपर्ने उनीहरूको भनाइ छ । त्यस्तै, जलवायु न्याय तथा क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेपालले प्रभावकारी रूपमा आवाज उठाउन पनि सरकार तथा सम्बन्धित पक्ष एकजुट हुनुपर्नेमा सांसदहरूले जोड दिएका छन् ।

अनुसन्धान विभाग गृह मन्त्रालयमातहत नै राख्न सांसदहरूको सुझाव

काठमाडौं/मस– राष्ट्रिय सभाका सांसदहरूले राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयअन्तर्गत नै राख्न सरकारलाई सुझाव दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत विभागलाई राख्ने प्रस्तावप्रति आपत्ति जनाउँदै सांसदहरूले शक्ति र अधिकार एउटै ठाउँमा केन्द्रित गर्न नहुने बताएका छन् ।

विधायन व्यवस्थापन समितिको बुधवार बसेको बैठकमा 'नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३' माथि दफावार छलफल गर्दै सांसदहरूले यस्तो धारणा राखेका हुन् ।

नेपाली कांग्रेसका सांसद पदम परियारले राज्यका महत्वपूर्ण अधिकार र शक्ति एउटै ठाउँमा केन्द्रित गर्न नहुने बताएका छन् । सबै शक्ति एउटै ठाउँमा केन्द्रित गर्दा त्यसको दुरुपयोग हुनसक्ने उनले बताए । लोकतन्त्र संस्थागत हुँदै गरेको मुलुकमा शक्ति केन्द्रीकरणले सुशासनभन्दा कुशासन र भ्रष्टाचारलाई बढावा दिनसक्ने उनको भनाइ छ ।

प्रधानमन्त्री कार्यकारी प्रमुख भए पनि राज्यका सबै संयन्त्रको प्रत्यक्ष सञ्चालन प्रधानमन्त्री आफैंले गर्न नहुने उनले बताए । प्रधानमन्त्रीले राज्य संयन्त्रलाई बलियो बनाउने र ती संयन्त्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने जिम्मेवारी लिनुपर्ने उनले बताए ।

पछिल्लो समय प्रधानमन्त्री कार्यालयमा अधिकार केन्द्रीकरण गर्ने प्रवृत्ति बढेकोमा उनले असन्तुष्टि जनाए । सार्वजनिक खरिदलगायतका विषयमा समेत प्रधानमन्त्री कार्यालयमा अधिकार केन्द्रित गर्ने प्रयास भइरहेको उल्लेख गर्दै उनले भविष्यमा अर्थसम्बन्धी अधिकारसमेत प्रधानमन्त्री कार्यालयमा सार्ने प्रस्ताव आउनसक्ने बताए । सरकारले बाह्य गुप्तचरसम्बन्धी छुट्टै संरचना बनाउन चाहेको भए त्यसका लागि छुट्टै विधेयक ल्याउनुपर्ने उनले बताए । बाह्य गुप्तचरलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत राख्ने विषयमा आफूहरू सकारात्मक रहेको भए पनि राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत राख्ने प्रस्ताव उपयुक्त नभएको उनले बताए ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद भुवनबहादुर सुनारले पनि राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालयअन्तर्गत नै रहनुपर्ने बताए । स्थापनाकालदेखि लामो समय गृह मन्त्रालयअन्तर्गत रहेर काम गरेको विभागले विगतमा प्रभावकारी भूमिका निर्वाह गरेको उनको दाबी छ ।

गृह मन्त्रालयअन्तर्गत हुँदा विभाग प्रभावकारी नहुने र प्रधानमन्त्री कार्यालयअन्तर्गत लैजाँदा मात्रै प्रभावकारी हुने भन्ने तर्क उचित नभएको उनले बताए । संविधानको धारा २६८ मा संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहने व्यवस्था गरिएको उल्लेख गर्दै उनले संवैधानिक व्यवस्थाअनुसार विभागको संरचना कायम गर्नुपर्ने बताए । संविधानको व्यवस्थालाई बेवास्ता गरेर विभागलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत राख्न खोज्नु उचित नभएको उनको भनाइ छ । गृह मन्त्रालयअन्तर्गत हुँदा प्रभावकारी नहुने र प्रधानमन्त्री कार्यालयअन्तर्गत लैजाँदा कसरी प्रभावकारी हुन्छ भन्ने प्रश्न उनले गरे । नेपाली कम्युनिष्ट पार्टीकी सांसद रेनु चन्दले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालयमा लैजाँदैमा कायापलट नहुने बताइन् । प्रधानमन्त्रीले सबै अधिकार आफू मातहत केन्द्रित गर्न खोजिरहेको आरोप लगाउँदै उनले सबै अधिकार आफैंमा केन्द्रित गर्नुभन्दा मन्त्रीहरूलाई जवाफदेही र जिम्मेवार बनाउनुपर्ने बताइन् ।

आन्तरिक र बाह्य गुप्तचरको जिम्मेवारी फरक-फरक निकायलाई दिने हो भने सरकारले स्पष्ट संरचना बनाउनुपर्ने उनले बताइन् । आन्तरिक गुप्तचर गृह मन्त्रालयअन्तर्गत र बाह्य गुप्तचर प्रधानमन्त्री कार्यालयअन्तर्गत राख्ने विषयमा छलफल गर्न सकिने उनको भनाइ छ । त्यसका लागि सरकारले छुट्टै विधेयक ल्याउनुपर्ने उनले बताइन् ।

विगतमा विभाग प्रधानमन्त्री कार्यालयअन्तर्गत रहँदा पनि सम्बन्धित घटनाबारे प्रधानमन्त्री कार्यालयले समयमै जानकारी नपाएको तथा गृह मन्त्रालयअन्तर्गत रहँदा पनि गृह मन्त्रालयले आवश्यक सूचना नपाउने अवस्था देखिएको उनले बताइन् ।

विभाग कहाँ रहने भन्नेभन्दा पनि प्रधानमन्त्री र गृहमन्त्रीसम्म सूचनाको प्रभावकारी पहुँच तथा निर्णय प्रक्रियासँगको समन्वय महत्वपूर्ण रहेको उनले बताइन् ।

छलफलमा सहभागी सांसदहरूले प्रस्तावित व्यवस्थाप्रति असन्तुष्टि जनाउँदै शक्तिलाई एकै ठाउँमा केन्द्रित गर्न नहुनेमा जोड दिएका छन् । विभाग कसको मातहतमा रहने भन्ने विषयसँगै यसको संस्थागत क्षमता, सूचनाको पहुँच, कार्यसम्पादन र समन्वयलाई प्रभावकारी बनाउनुपर्ने सांसदहरूले बताएका छन् ।

बिबिएममा टियु टपर रिदिमालाई सिबिएम कलेजद्वारा सम्मान

काठमाडौं/मस– डिल्लीबजारस्थित कलेज अफ बिजनेस म्यानेजमेन्ट (सीबीएम) कलेजले बीबीएम प्रथम सेमेष्टरको टियु टपर रिदिमा माली सम्मान गरेको छ ।

कलेजका अध्यक्ष लेखनाथ कोइरालाले बीबीएम प्रथम सेमेष्टरको परीक्षाफलमा कलेजकी रिदिमा मालीलाई सम्मान गरेका हुन् । उनले ३ दशमलव ९६ जीपीए ल्याएकी छिन् । अध्यक्ष कोइरालाले भने 'हाम्रो विद्यार्थी टियु टपर भएकामा खुशी लागेको छ, भोलिको दिनमा पनि यस्तै विद्यार्थी उत्पादन गर्ने प्रयास गर्दछौं' सम्मान कार्यक्रममा कलेजका विभिन्न गतिविधिमा सक्रिय कक्षा ११ र १२ का २० जना विद्यार्थीलाई पनि प्रसंशापत्रद्वारा सम्मान गरिएको छ । कलेजले गतसाता रसुवाको भोटेकोशीमा आएको बाढीमा परी निधन भएकाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ भनें घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको गरेको छ । कलेजले बेपत्ताहरुको खोजी गर्न पनि सरकार र सरोकारवालाहरुलाई आग्रह गरेको छ । अध्यक्ष कोइरालाले कलेजले चाँडै नै बाढी प्रभावित क्षेत्रमा राहत सामग्री लैजाने योजना रहेको बताए ।

गण्डकीमा मन्त्रालयको जिम्मेवारी फेरबदल

काठमाडा/मस– गण्डकी प्रदेश सरकारमा मन्त्रालयको जिम्मेवारी हेरफेर गरिएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाल समाजवादी पार्टी (नेसपा)का सांसद फणिन्द्र देवकोटालाई ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको जिम्मेवारी दिएका छन् । यसअघि उक्त मन्त्रालय सम्हाल्दै आएका नन्दप्रसाद न्यौपानेलाई भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी तोकिएको छ ।

देवकोटा २१ जेठ २०८१ मा मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत दिएपछि प्रदेश सरकारमा मन्त्री बनेका थिए । उनी तत्कालीन

नेकपा माओवादी केन्द्रको चुनाव चिह्नबाट निर्वाचित नेसपाका सांसद हुन् । केन्द्रमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच गठबन्धन बनेपछि गण्डकीमा एमालेबाट सरकारमा सहभागी चार मन्त्रीले १० भदौमा पदबाट राजीनामा दिएका थिए । त्यसपछि प्रदेश सरकारमा मन्त्रालयगत जिम्मेवारी पुनःव्यवस्थित गर्ने क्रममा पछिल्लो हेरफेर गरिएको हो ।

यसअघि ऊर्जा मन्त्रालयको जिम्मेवारीमा रहेका न्यौपानेलाई मुख्यमन्त्री पाण्डेले आफूसँग राख्दै आएको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी हस्तान्तरण गरेका छन् । जेन जेड आन्दोलनका क्रममा बालबालिकासहितका व्यक्तिको मृत्यु भएपछि देवकोटाले २४ भदौमा मन्त्री पदबाट राजीनामा दिएका थिए । देवकोटाले नयाँ जिम्मेवारी अनुसार पद तथा गोपनीयताको शपथसमेत लिइसकेका छन् ।

हदबन्दीको सरकारी जग्गा व्यक्तिको नाममा

मालपोत अधिकृतसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/मस– अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रुपन्देही जिल्लाको तत्कालीन बजुहोली गाउँ पञ्चायतमा रहेको हदबन्दी लागेको सरकारी जग्गा आपसी मिलेमतोमा व्यक्ति विशेषको नाममा दर्ता गराई मुआब्जा रकम लिने उद्देश्यले भ्रष्टाचार गरेको आरोपमा मालपोत अधिकृतसहित ५ जनाविरुद्ध विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

भूमिसम्बन्धी ऐन, २०२१ लागू हुनुभन्दा पहिले नै तत्कालीन जग्गाधनी सुजा मिश्राईनको जोतभोगमा रहेको रुपन्देही जिल्लाको साविक बजुहोली गाउँ पञ्चायत वडा नं. ९(ख) का विभिन्न कित्ता नम्बरका जग्गाहरू सरकारले तोकेको हदबन्दी भन्दा बढी भएपछि कालिजी मन्दिरलाई दान दिइएको तथ्य प्रमाण फेला परेको छ । वि.सं. २०२२ सालदेखि नै सुजा मिश्राईनले छाडेको उक्त जग्गा फिल्डबुकका विभिन्न महलमा समेत कुनै व्यक्तिको नाम

उल्लेख नभई स्वतः सरकारी स्वामित्वमा आइसकेको थियो । तर, मालपोतका कर्मचारी र जग्गाधनीको आपसी मिलेमतोमा उक्त जग्गा बदनियतपूर्वक व्यक्ति विशेषको नाममा दर्ता गराइएको अनुसन्धानबाट खुलेको छ ।

सरकारी जग्गा पर्वतराज कान्त मिश्रको नाममा दर्ता गराएलगत्तै उक्त जग्गा नागरिक उड्डयन प्राधिकरणको नाममा नामसारी गरी प्राप्त हुने सरकारी मुआब्जा रकम सिधै बुझ्न पाउने गरी रुपन्देही जिल्ला अदालतमा आपसी मिलापत्र गराइएको थियो । उच्च अदालत तुलसीपुरको बुटवल इजलासले गरेको परमादेशको गलत व्याख्या गरी भूमिसम्बन्धी कानुन र प्रक्रिया मिचेर सरकारी भइसकेको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गराउने बदनियतपूर्ण कार्य गरिएको अख्तियारले जनाएको छ । अख्तियारले मालपोत कार्यालय, भैरहवा, रुपन्देहीका तत्कालीन प्रमुख मालपोत अधिकृत कुमार आचार्य, तत्कालीन नायब सुब्बा लक्ष्मण प्रसाद न्यौपाने, तत्कालीन नायब सुब्बा अजित कुमार साहनी (चाई), तत्कालीन खरिदार मेघ बहादुर भुजेल मगर र जग्गाधनी तथा मतियार पर्वतराज कान्त मिश्र विरुद्ध मुद्दा दायर गरेको हो ।

अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सरकारी सम्पत्ति हानि-नोक्सानी पुऱ्याएको कसुरमा उनीहरूविरुद्ध जनही ४ करोड ५३ लाख ४१ हजार ८ सय रुपैयाँ बिगो दाबी गरेको छ । साथै उनीहरू सबैलाई हदैसम्मको कैद र बिगो बमोजिम जरिवानाको सजाय गर्न तथा गैरकानुनी रूपमा दर्ता गरिएको उक्त जग्गा जफत गर्न विशेष अदालतसमक्ष मागदाबी गरिएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

चरिकोट कारागारका १४७ कैदीबन्दीद्वारा बाढीपीडितलाई सहयोग

राजकुमार भुजेल/मध्यान्ह
दोलखा, १७ भदौ

रसुवामा गएको भीषण बाढीपहिरोबाट प्रभावित नागरिकको पीडामा साथ दिँदै चरिकोट कारागारमा रहेका कैदीबन्दीहरूले मानवीय सहयोग प्रस्तुत गरेका छन् । चरिकोट कारागारमा रहेका १४७ जना कैदीबन्दीले आफ्नोतर्फबाट रकम संकलन गरी रसुवाका बाढीपहिरो पीडितका लागि २५ हजार ५१० रुपैयाँ सहयोग गरेका हुन् । बाढीपहिरोका कारण रसुवाका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति भएको छ। विपद्का कारण कतिपय नागरिक विस्थापित भएका छन् भने कतिपय परिवारले आफन्त, घर तथा जीविकोपार्जनका आधार गुमाएका छन् ।

यस्तो कठिन परिस्थितिमा

पीडित परिवारलाई राहत र सहयोगको आवश्यकता बढिरहेका बेला चरिकोट कारागारका कैदीबन्दीहरूले समेत आफ्नो क्षमता अनुसार सहयोग गर्ने प्रयास गरेका हुन् । कारागारभित्र रहेका कैदीबन्दीहरूले आफूहरूसँग उपलब्ध स्रोतबाट रकम संकलन गरी विपद्मा परेका नागरिकलाई सहयोग गर्ने निर्णय गरेका थिए ।

व्यक्तिगत रूपमा थोरै-थोरै रकम संकलन भए पनि सबैको सामूहिक प्रयासबाट २५ हजार ५१० रुपैयाँ जम्मा भएको हो । विपद्का बेला सहयोगका लागि समाजका विभिन्न क्षेत्रबाट हातेमालो भइरहेका बेला कैदीबन्दीहरूले गरेको यो सहयोगले मानवीय संवेदनाको सीमा कुनै स्थान, अवस्था वा परिस्थितिले रोक्न नसक्ने सन्देश दिएको छ । आफैं कारागारभित्र रहे पनि बाहिर विपद्मा परेका नागरिकको पीडालाई महसुस गर्दै सहयोगका लागि अघि बढ्नु उनीहरूको सामाजिक उत्तरदायित्व र मानवीय भावनाको उदाहरण बनेको छ ।

उनीहरूले संकलन गरेको रकम रसुवाका बाढीपहिरो प्रभावित नागरिकको राहतमा प्रयोग होस् भन्ने उद्देश्यले प्रदान गरिएको हो । विपद्का समयमा प्राप्त हुने सानोभन्दा सानो सहयोगले पनि पीडित परिवारलाई राहतको अनुभूति गराउन महत्वपूर्ण भूमिका खेल्ने भएकाले कैदीबन्दीहरूको यो योगदानलाई अर्थपूर्ण रूपमा हेरिएको छ। कारागारको पर्खालभित्र भए पनि पीडित नागरिकको दुःखमा साथ दिने प्रयास चरिकोट कारागारका १४७ कैदीबन्दीको यो सहयोगले विपद्मा मानवीयता र सहकार्यको भावना सबैभन्दा ठूलो शक्ति हो भन्ने सन्देश दिएको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

नेपालले पाउनुपर्छ जलवायु जोखिम क्षतिपूर्ति

रसुवाको भोटेकोशीमा आएको बाढीले ठुलो जनधनको क्षति गऱ्यो । बस्ती, सडक, पुलपुलेसा, जलविद्युत् आयोजना र अन्य पूर्वाधारमा भएको क्षतिको विवरण अझै आइसकेको छैन । बाढीबाट हजारौं परिवार प्रभावित भएका छन् । यस्तो विपत्तिलाई अब सामान्य प्राकृतिक प्रकोप भनेर मात्र पन्छिन मिल्दैन । जलवायु परिवर्तनले यस्ता विपद्को जोखिम बढाइरहेको छ भने त्यसको क्षतिको जिम्मेवारीबारे पनि अन्तर्राष्ट्रिय बहस हुनुपर्छ । नेपालले यही आधारमा संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन संरचनाअन्तर्गतको 'हानि तथा नोक्सानी कोष'मा क्षतिपूर्ति दाबी गर्नु स्वभाविक र औचित्यपूर्ण छ । नेपालले आफ्नो दाबीलाई अझ बलियोसँग प्रस्तुत गर्नुपर्छ ।

जलवायु परिवर्तनमा नेपालको निकै कम मात्र योगदान छ । विश्व बैंकका अनुसार एक नेपालीले वर्षमा औसत ०.५४ टन कार्बनडाइअक्साइड उत्सर्जन गर्छ । जबकि विश्वको औसत ४.६७ टन छ । चीन, भारत र अमेरिकाको प्रतिव्यक्ति उत्सर्जन नेपालको भन्दा धेरै गुणा धेरै छ । तर, पछिल्ला वर्षमा जलवायु परिवर्तनको असर भने नेपालले गम्भीर रूपमा भोगिरहेको छ । हिमालमा तापक्रम बढ्नु, हिमताल र नदी प्रणालीमा परिवर्तन आउनु, अतिवृष्टि र बाढीपहिरोको जोखिम बढ्नु यसका उदाहरण हुन् । केही वर्षयता हिमताल फुटेर वा हिमपहिरोबाट बर्सेनि विपत् व्यहोर्नुपरेको छ । भोटेकोशीको बाढीलाई पनि यसैको निरन्तरताका रूपमा हेर्नुपर्छ ।

नेपालले क्षतिपूर्ति माग्दा तथ्य र प्रमाणमा बलियो हुनुपर्छ । भोटेकोशी बाढीको क्षति कति भयो, त्यसमा जलवायु परिवर्तनको भूमिका कति छ र प्रभावित समुदायले कस्तो नोक्सानी व्यहोरेजस्ता सबै विषयको वैज्ञानिक मूल्यांकन आवश्यक छ । सरकारले यसका लागि छुट्टै अध्ययन गराएर अन्तर्राष्ट्रिय निकायसमक्ष प्रमाणसहित प्रस्तुत गर्नुपर्छ ।

नेपाल जलवायु परिवर्तनको पीडित मात्र भइरहेको छ । जबकि हाम्रा हिमाल, वन, नदी र जैविक विविधताले विश्वको वातावरण सन्तुलनमा योगदान गरिरहेका छन् । त्यसैले नेपालले जलवायु संरक्षणमा गरेको योगदानको पनि मूल्यांकन र शोधभर्नाको माग गर्नुपर्छ । हानि तथा नोक्सानी कोषमा पर्याप्त रकम नभएको समस्या देखाएर नेपाललाई आफ्नो दाबीबाट पछि फर्काउनुहुँदैन । यसमा विकसित र धेरै कार्बन उत्सर्जन गर्ने देशले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । किनभने, जनवायु जोखिम क्षतिपूर्ति पाउनु जलवायु न्यायको मुद्दा हो । यो एक वर्षको ठुलो बाढी मात्र होइन । कार्बनडाईअक्साइड कम उत्सर्जन गर्ने अल्पविकसित मुलुकले व्यहोर्नुपरेको मर्का पनि हो । यसलाई अन्तर्राष्ट्रिय स्तरबाटै सम्बोधन हुनुपर्छ ।

विपत्ति, पुँजीवाद र भोटेकोशी

प्रकृतिको अत्यधिक दोहनले हरित ग्यासको अभिवृद्धि हुन्छ । विश्व तापक्रमको वृद्धि भई हिमाल पग्लानेदेखि समुद्र सतह बढाउँदै कतै भारी वर्षा र कतै खडेरीको विपत्ति उत्पन्न गराउँछ । यसबाट निस्किने निष्कर्ष के हो भने भोटेकोशीमा देखिएको रौद्रताको अन्तर्यमा प्रकृतिको अत्यधिक दोहनको प्रभाव छ ।

अग्रलेख

● दामोदर अर्याल

संसारभरका मान्छेहरूले बेलाबेलामा रोगको महामारी, भुइँचालो, बाढीपहिरो, सुक्खा खडेरी, भोकमरी, युद्धलगायत विपत्ति व्यहोरिरहेकै हुन्छन् । साधारण मान्छेहरूले युद्धबाहेक अन्य विपत्तिलाई केवल प्राकृतिक ठान्छन् । प्राकृतिक ठानिएका ती विपत्ति के साँच्चिकै प्राकृतिक मात्र हुन् ? विद्वान्हरू भन्छन्-प्राकृतिक ठानिएका त्यस्ता प्रकोप केवल प्राकृतिक मात्र हुँदैनन् । यसको सिधा सम्बन्ध राजनीति र विश्वव्यवस्थासँग पनि छ ।

विषेशज्ञहरू भन्दै छन्- हालै भोटेकोशीमा आएको बाढी सामान्य, प्राकृतिक र नियमित होइन । यसलाई वैज्ञानिकहरू आकस्मिक भन्छन् । यस्तो बाढी ठुलो हिमपहिरो र चट्टानसहितको हिमनदी विनाश भएर मात्र आउँछ ।

अब प्रश्न उठ्छ, हिमनदीको विनाश किन हुन्छ ? वातावरणविदहरू भन्छन्- यसको मुख्य कारण विश्वव्यापी तापमान वृद्धिले ल्याउने जलवायु परिवर्तन नै हो ।

विश्वव्यापी तापक्रमको वृद्धिले हिमनदीको विनाश भयो, त्यसले आकस्मिक बाढी ल्यायो । बाढीले भोटेकोशी र त्रिशूली नदी तटीय बस्तीका र बाटोमा यात्रा गर्ने हजारौंको ज्यान गयो । निष्कर्ष निस्कन्छ, त्यहाँ भएको भौतिक र मानवीय क्षतिको प्रमुख जिम्मेवार विश्वव्यापी तापक्रम वृद्धि रहेछ । नेपालजस्तो देश जो निरन्तर यस्ता विपत्ति भोग्न अभिशप्त छ ।

विशेषज्ञहरू भन्छन्- विश्वव्यापी तापक्रम वृद्धिको मुख्य कारण वायुमण्डलमा हरितगृह ग्यासहरूको मात्रा अत्यधिक बढ्नु हो । यी ग्यासले सूर्यबाट आएको तापलाई पृथ्वीबाट फिर्ता जान नदिई वायुमण्डलमै थुनेर राख्छ, जसलाई हरितगृह प्रभाव भनिन्छ । जसका कारण हिमालहरू पग्लिँदै छन्, समुद्र सतहको वृद्धि भइरहेको छ । फलस्वरूप कतै आकस्मिक बाढी आउँछ, कतै भयानक खडेरी ।

रसुवा र नुवाकोटमा भएको भौतिक र मानवीय क्षतिको कारण केवल प्राकृतिक मात्र रहेन । त्यसबाहेक यो विपत्तिमा ३३ कोटी देवताको पनि कुनै हात छैन । यो तथ्य अब सर्वसाधारणले बुझ्नुपर्छ । अनि मात्र यसको विश्वव्यापी समाधान निस्केला ।

यस मामिलाका विद्वान्हरू भन्छन्- हरितगृह ग्यास बढ्नुको प्रमुख कारणमा (१) कोइला, पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यासको अत्यधिक प्रयोग (२) वनविनाश (३) औद्योगीकरण र यातायात (४) आधुनिक कृषि र पशुपालन (५) रासायनिक मलको प्रयोग (६) सहरीकरण र फोहर व्यवस्थापन । अर्थात् प्रकृतिको अत्यधिक दोहन ।

वैश्विक जलवायु तथ्यांकअनुसार जनसंख्याका आधारमा प्रतिव्यक्ति कार्बन उत्सर्जनमा अमेरिका संसारभरमै एक नम्बर देश हो । अन्यमा युरोपेली संघ, भारत, रुसजस्ता देशहरू पर्छन् । त्यसबाहेक चीन, दक्षिण कोरिया, इन्डोनेसिया र ब्राजिललगायत कैयौं देशमा स्थापना गरिएको छ, जसका कारणले पनि हरितगृह ग्यास पृथ्वीले थेग्न नसक्ने गरी निरन्तर उत्सर्जन भइरहन्छ । कार्बन उत्सर्जनलाई सीमित गर्न सन् २०१५मा पेरिस सम्झौता भएको थियो । जुन सम्झौतामा १९४ देशले हस्ताक्षर गरेका छन् । तर, यो सम्झौताबाट सन् २०२०मा अमेरिका पछि हट्यो । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने पृथ्वी बिगारेर संसारभर विपत्ति निम्त्याउने नाइके देश अमेरिका नै हो । भोटेकोशीको विध्वंसमा पनि अमेरिकाको अनुहार देखिएको छ भन्दा अत्युक्ति हुँदैन ।

मानवजीवन सरल र सहज बनाउन निःसन्देह प्राकृतिक संसाधनको उपयोग जरुरी हुन्छ । तर, कति प्रयोग गर्ने ? वातावरण बिगार्ने तहसम्म कि प्रकृति र मानवजीवनको सुरक्षासहित । सम्पूर्ण समस्या यही प्रश्नमा छ । प्रकृतिको दोहनका सन्दर्भमा समग्र विश्वमा दुई फरक विचार छन् र यी विचारका बीचमा ठुलो संघर्ष जारी छ । नाफाका लागि प्राकृतिक स्रोत-साधनको अत्यधिक दोहन गर्ने कि ? मानवजीवनलाई सरल र सहज बनाउन चाहिने जति मात्रै उपयोग गर्ने ?

हो ! यहींनेर पुँजीवादको सन्दर्भ आउँछ । पुँजीवाद भन्छ, अति उत्पादन अति खपत । अर्थात् जति खपत, त्यति नाफा । त्यसका लागि जति प्राकृतिक साधनको दोहन, त्यति उत्पादन, त्यति खपत र त्यति नाफा । पुँजीवादले उपभोक्तावादी संस्कृति त्यसै निर्माण गरेको होइन । मान्छेलाई धेरैभन्दा धेरै सामान उपभोग गर्न नलगाई ऊ नाफा थुपार्न सक्दैन । यसरी नाफाका लागि अत्यधिक प्राकृतिक स्रोतसाधनको खपत गरेर पुँजीवादले पृथ्वीको वातावारण बिगार्दै छ । फलस्वरूप संसारभरका मान्छेहरू भोटेकोशी बाढीजस्त अनेकौं विपत्तिका स्वरूप भोग्न बाध्य छन् ।

पुँजीवादका लागि विपत्ति पनि नाफा आर्जन गर्ने एउटा अर्को महत्वपूर्ण अवसर हो । उदाहरणका लागि फेरि पनि हाम्रै भोटेकोशीको विपत्तिलाई प्रस्तुत गरौं । भोटेकोशीले हजारौं मान्छेको ज्यान लियो, खर्बौंको सम्पत्ति विनाश गऱ्यो । तर, केही मान्छेका लागि यो परिस्थिति नाफा आर्जन गर्ने एउटा सुनौलो अवसर पनि हो । हजारौं घरबारविहीन भएका छन्, यसबाट केही मान्छे अर्बपति हुने सुनिश्चित छ । यस्तो व्यवस्था वा प्रणालीलाई पुँजीवाद भनिन्छ, जुन विश्वव्यापी छ ।

जसरी पुँजीवादले पुँजी निर्माण र संकलन गर्न युद्ध सञ्चालन गर्छ र त्यसमा आधारित युद्ध अर्थतन्त्र बनाउँछ, ठिक त्यसैगरी विपद र विपत्तिलाई पनि पुँजीवादले प्रयोग गर्दै नाफा आर्जन गर्न छुट्टै विपत्तिजन्य अर्थतन्त्र विकसित गर्छ, जसबाट केही सय मान्छे फेरि अर्बपतिको सूचीमा सामेल हुनेछन् । यो आरोप होइन, संसारभर लागू भएको र गरिने पुँजीवादी सिद्धान्तको कुरा हो ।

फेरि पनि मानिसहरूलाई सुरक्षित बसोबासको उपर्युक्त ठाउँ सरकारले छुट्याउने छैन । केही हजार मान्छेहरू फेरि सुकुम्वासी हुनेछन् । उनीहरूलाई विदेशी भूमिमा सञ्चालित बहुराष्ट्रिय कम्पनीमा रोजगारीका लागि जान बाध्य पारिनेछ । यसका लागि सरकारले आकर्षक सहुलियत पनि घोषणा गर्ला । विगतमा वैदेशिक रोजगारीका लागि युवाहरूलाई प्रोत्साहित गर्न ' बिनाढेउवाके' भन्ने त नारा नै तय गरिएको थियो । त्यसबाहेक जेनतेन घर बनाउन सक्नेहरूलाई पनि त्यही भोटेकोशी र त्रिशूली नदीकिनारका जोखिमयुक्त ठाउँमै बस्न प्रेरित गरिनेछ । सरकारी बजेट फेरि जोखिमयुक्त नदीकिनारमै खन्याइनेछ । किनकि अर्को विपत्ति फेरि पुँजीवादका लागि अवसर भएर आउनुपर्नेछ । जति विपत्ति, त्यति नाफा । केही सय मान्छेहरू जसले यो विपत्तिबाट नाफा आर्जन गर्नेछन्, उनीहरूका नयाँ महल काठमाडौं, अस्ट्रेलिया, क्यानडा र अमेरिकामा फेरि थपिनेछ । यो संसारभरका पुँजीवादीहरूको कार्यशैली र सिद्धान्त हो । भोटेकोशी किनाराका हजारौं बेघरबार मान्छेहरू सस्तो श्रमका नीम्ति विश्व श्रम बजारमा उपलब्ध हुने कुराले विश्व पुँजीवाद दंग छ ।

मानवनिर्मित यस्ता विपत्तिहरूबाट मुक्त हुन नाफामा आधारित विश्वव्यवस्था जसलाई हामी पुँजीवाद भन्छौं, त्यसको ठाउँमा अर्को विश्वव्यवस्था जरुरी छ, जसले प्रकृति, पृथ्वी र मान्छेलाई माया गरोस् । विश्वव्यवस्था फेर्ने यो विश्वव्यापी लडाइँमा हामी नेपाली कसको पक्षमा छौं ? भोटेकोशीमा खण्डहर भएका घरहरूले यो प्रश्न सोधिरहेको छ । कतै हाम्रा मतहरू विश्व पुँजीवादका पक्षमा खसिरहेका त छैनन् ? अर्को विश्वव्यवस्थाको सपना देखाएर पुँजीवादसमक्ष आत्मसर्मपण गर्ने केपी शर्मा ओली, प्रचण्ड र माधव नेपालहरूको गद्धारीलाई देखाएर कतै विश्व पुँजीवादको घोषित चाकरहरूकै पक्षमा हामी उभिइरहेका त छैनौं ? राहत भन्दै गाडी र हेलिकोप्टर चढेर आएका मान्छेहरू नै कतै विपत्ति उत्पन्न गर्ने विचारधारा र नीतिका प्रखर समर्थक त होइनन् ? समीक्षा गरौं ! र भनौं, नाफाका लागि पृथ्वी बिगार्ने र विपत्ति निम्त्याउने विश्व पुँजीवाद मुर्दावाद !

(अर्याल नेकपा (संयुक्त)का केन्द्रीय प्रचार विभाग प्रमुख हुन् ।)

सामाजिक सञ्जालमा हराएको संवेदना

समाज

● तेजप्रकाश दीक्षित

भोटेकोशीको विनाशकारी बाढी र सुरूङमा फसेका नागरिकको क्रन्दनका बीच सामाजिक सञ्जालमा पोखिएको अश्लील गालीगलौजले हाम्रो सामूहिक संवेदनशीलतामाथि प्रश्न उठाएको छ । आर्थिक वर्ष २०८२/८३मा दर्ता भएका २० हजारभन्दा बढी साइबर अपराधका उजुरी र विद्यमान कानुनी शून्यताका बीच साइबर हिंसा रोक्न स्पष्ट र पीडितकेन्द्रित कानुन अबको अनिवार्य आवश्यकता हो ।

तिब्बती क्षेत्रमा गएको भयानक हिमपहिरोका कारण पश्चिम भोटेकोशीमा आएको भीषण बाढीले हजारौं घरबार बगाएको छ । एक हजारभन्दा बढी नेपालीको शव फेला परिसकेको छ भने हजारौं अझै बेपत्ता छन् । जलविद्युत् आयोजनाको अँध्यारो सुरुङभित्र एक सातादेखि सयौं प्राविधिक, कामदार र कर्मचारी जीवन र मृत्युको दोसाँधमा फसेका छन् । सिंगो देश स्तब्ध छ, राष्ट्रिय शोकको यो घडीमा हरेक छातीमा पीडाको आगो बलिरहेको छ ।

तर, यति बिघ्न मानवीय विपत्ति र राष्ट्रिय त्रासदीका बीच हाम्रो सामाजिक सञ्जालको दृश्य भने झनै विरक्तलाग्दो र हिंस्रक बनेको छ । सुरुङमा थुनिएका आफ्ना पतिको जीवितै उद्धार गरिँदा गुहार माग्दै सामाजिक सञ्जालमा भिडियो पोस्ट गर्ने एक असहाय महिलाको क्रन्दनमाथि समेत अश्लील गालीगलौच र चरित्रहत्याको वर्षा भइरहेको छ । सरकारको समर्थन र विरोधको राजनीतिक कित्ताकाटमा उभिएर मानिसहरू एकअर्कामाथि विष ओकलिरहेका छन् । काठमाडौंको कुनै कार्यालयमा दिनभर अत्यन्त शालीन देखिने व्यक्ति साँझ घर फर्केर मोबाइल समात्नासाथ कसरी यति बिघ्न निर्दयी र हिंस्रक बन्न सक्छ ? विपद्को आँसुमाथि पनि पोखिने यो अमानवीय आक्रोश केवल व्यक्तिगत विकृति मात्र होइन, हाम्रो डिजिटल समाजको गम्भीर मानसिक रोग हो ।

नेपाल प्रहरीको तथ्यांकले यो सञ्जालीय हिंसाको डरलाग्दो चित्र देखाउँछ । केन्द्रीय प्रहरी न्युज रुमका अनुसार आर्थिक वर्ष २०८२/८३मा मात्रै साइबर अपराधसम्बन्धी २० हजार ५२६ वटा उजुरी दर्ता भए, जसमध्ये ७ हजार १२३ फेसबुक/मेसेन्जर र ६ हजार ७७६ टिकटकसँग सम्बन्धित थिए । त्यसअघिको आर्थिक वर्ष २०८१/८२मा दर्ता भएका १८ हजार ९२६ उजुरीमध्ये १ हजार ८०१ उजुरी अनलाइन बुलिङ तथा दुर्व्यवहारका, १ हजार २६ मानहानिका, ४९५ घृणास्पद अभिव्यक्तिका र २१६ उजुरी प्रत्यक्ष हिंसाको धम्कीका थिए । अझ विडम्बना त के छ भने, दुर्व्यवहार, नक्कली प्रोफाइल, घृणास्पद अभिव्यक्ति र धम्कीको सिकार हुनेमा ठुलो बहुमत महिलाकै छ ।

डाटारिपोर्टलको 'डिजिटल २०२६ : नेपाल' प्रतिवेदनअनुसार नेपालमा १ करोड ४८ लाखभन्दा बढी सामाजिक सञ्जाल प्रयोगकर्ता छन्, जुन कुल जनसंख्याको आधा हिस्सा हो । देशको आधा जनसंख्या दैनिक भेटिने चौतारीमा जब सहानुभूतिको प्राकृतिक 'ब्रेक' फेल हुन्छ, तब स्क्रिनको पछाडि बसेर गाली गर्नु मानिसका लागि मनोरञ्जन बन्न पुग्छ । त्यसमाथि सामाजिक सञ्जालका एल्गोरिदमहरू यसरी इन्जिनियरिङ गरिएका छन् कि तिनले शिष्टता र तर्कभन्दा पनि आक्रोश र नैतिक उत्तेजनालाई बढी लाइक, सेयर र दृश्यता (भ्युज) दिएर पुरस्कृत गर्छन् ।

तर, समस्या प्रविधि र मनोविज्ञानमा मात्र सीमित छैन, यसको मुख्य जड फितलो कानुनी ढाँचा र दण्डहीनतामा पनि जोडिएको छ । नेपालमा साइबर अपराध र अनलाइन दुर्व्यवहार नियन्त्रणका लागि मुख्यतः विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ लाई प्रयोग गर्ने गरिएको छ । तर, यो दफा आफैंमा विवादित छ । अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था र सञ्चारकर्मीले यो प्रावधानलाई राज्यले आलोचकको मुख थुन्ने हतियार बनाएको भन्दै आलोचना गर्दै आएका छन् ।

अर्कातिर, सामाजिक सञ्जाललाई व्यवस्थित गर्न ल्याउन खोजिएको सामाजिक सञ्जाल विधेयक, २०८१ चौतर्फी विरोध र नागरिक दबाबका कारण सन् २०२६को जनवरी ३ मा फिर्ता लिइयो । यसले गर्दा मुलुक अहिले एक किसिमको गम्भीर ' नियामक शून्यता'को स्थितिमा छ । एकातिर अनलाइन दुर्व्यवहार र गालीगलौज रोक्ने स्पष्ट र प्रभावकारी कानुनी संयन्त्र छैन भने अर्कातिर आमनागरिकको निर्भीक अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्ने मजबुत कानुनी सुरक्षाकवच पनि छैन । नक्कली खाता खोलेर पीडितको घाउमाथि नमक छर्कनेहरू सजिलै उम्किने र वास्तविक पीडितहरू न्यायका लागि भौंतारिनुपर्ने अवस्था छ ।

सामाजिक सञ्जालको कमेन्ट बक्समा कसैलाई गाली गर्नु वा उसको मानमर्दन गर्नु 'भर्चुअल' विषय मात्र होइन, यसको असरले मानिसको वास्तविक जीवन तहसनहस बनाउँछ । तसर्थ, राष्ट्रिय विपद्का बेला पोखिने यस्ता हिंस्रक व्यवहारलाई सामान्य मान्न सकिँदैन । अब राज्यले विद्युतीय कारोबार ऐनको विवादित दफा ४७को सट्टा असहमति र आलोचनाको अधिकारलाई अक्षुण्ण राख्दै लक्षित उत्पीडन, साइबर बुलिङ, मानहानि र घृणास्पद अभिव्यक्तिलाई स्पष्ट परिभाषित गर्ने पीडितकेन्द्रित कानुन निर्माण गर्नुपर्छ ।

साझा डिजिटल चौतारीलाई गाली र हिंसाको थलो बनाउन नदिन प्रविधि कम्पनीहरूले मोडरेसनमा कडाइ गर्ने, नागरिक तहमा डिजिटल साक्षरता र मानवीय संवेदना बढाउने अनि राज्यले कानुनी अस्पष्टता हटाएर दोषीलाई दायरामा ल्याउने एकीकृत पहलकदमी लिनु नै अहिलेको प्राथमिक आवश्यकता हो ।

(दीक्षित चार्टर एकाउन्टेन्ट हुन् ।)

इतिहासको पाना ● सन्तोष खडेरी

जंगबहादुरसँगै तीन रानी जीवितै जल्दा पश्चिमा मिडियाले छापेको स्केच

सन् १८७७ फेब्रुअरी २५मा सर्लाहीको पत्थरघट्टास्थित बागमती किनारमा श्री ३ जंगबहादुर राणाको असामयिक निधन भयो । त्यसको तीन दिनपछि फेब्रुअरी २८मा उनको अन्त्येष्टि गरिँदा तत्कालीन नेपाली समाजको कठोर परम्पराअनुसार उनका तीन रानीहरू जीवितै चितामा जलेर सती गएका थिए । नेपालको यो राजनीतिक एवं सामाजिक घटनाले पश्चिमा संसारमा निकै चर्चा पायो । यही कारुणिक घटनालाई चित्रण गर्दै तत्कालीन फ्रान्सेली अखबारहरूमा एउटा काठको बुट्टा कुँदिएको रेखाचित्र (स्केच) प्रकाशित भएको थियो, जसमा जंगबहादुरको बलिरहेको चिता र रानीहरूको अन्तिम क्षणलाई दर्शाइएको थियो ।

छोरा पद्मजंगले दागबत्ती दिएका थिए । सो अन्त्येष्टिमा जंगबहादुरको शिर काखमा राखी बडामहारानी हिरण्यगर्भदेवी (मैयाँ महारानी) पहिलो चितामा, जंगको टोपी र खराउ काखमा राखी पुतली महारानी दोस्रो चितामा तथा जंगको भोटो र सुरुवाल काखमा राखी मिश्री महारानी तेस्रो चितामा सती गएको उल्लेख गरिँदै आइएको थियो ।

तर, हालै फेलापरेको विसं १९३७को एउटा ऐतिहासिक टिपोटले यो तथ्यमा नयाँ मोड ल्याएको छ । विसं १९३३मा सती जाँदा गरिएको दान-दक्षिणा र हिसाब मिलानको विवरण अभिलेख अध्ययन गर्दा सती जाने रानी पुतली महारानी नभई 'अन्तरी महारानी' रहेको नयाँ प्रमाण भेटिएको छ । फ्रान्सेली अखबारको त्यो स्केचले एकातिर राणाकालीन सतीप्रथाको भयावह रूप उजागर गर्छ भने अर्कातिर नयाँ प्रमाणहरूले इतिहासका केही स्थापित तथ्यहरूलाई परिमार्जन गर्न सहयोग पुऱ्याउँछन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com **मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

अपर त्रिशूली-१ को टनेलमा फसेकाहरूको खोजी जारी

काठमाडौं/मस- रसुवामा आएको विनाशकारी बाढीपछि बेपत्ता भएकाहरूको खोजी तथा उद्धारका लागि जलविद्युत् आयोजनाका टनेलहरूमा खोजी कार्य तीव्र पारिएको छ । अपर त्रिशूली-१ जलविद्युत् आयोजनाको टनेलमा पनि संयुक्त खोज तथा उद्धार टोलीले जोखिमका बीच खोजी कार्यलाई निरन्तरता दिएको छ ।

अपर त्रिशूली-१ को टनेलको मुख ढुंगाले छेकिएको अवस्थामा रहेकाले उद्धार टोलीलाई टनेलभित्र प्रवेश गर्न कठिनाइ भइरहेको छ । टोलीले अवरोध हटाउँदै टनेलभित्र प्रवेश गर्ने प्रयास गरिरहेको छ । यस्तै, हाकुबेँसी क्षेत्रमा संयुक्त खोज तथा उद्धार टोली टनेलभित्र करिब २६० मिटर सम्म प्रवेश गरी खोजीमा जुटेको छ । टोलीले टनेलभित्र विभिन्न स्थानमा खोजी गरे पनि हालसम्म कुनै व्यक्ति फेला नपरेको जनाइएको छ। टनेलभित्र पानी, लेदो, ढुंगा तथा अन्य अवरोधका कारण खोजी कार्य चुनौतीपूर्ण बनेको छ । उद्धार टोलीले सम्भावित जोखिमलाई ध्यानमा राख्दै सावधानीपूर्वक खोजी अघि बढाइरहेको छ ।

अन्य जलविद्युत् आयोजनाका टनेलमा पनि खोजी

बाढीबाट प्रभावित रसुवा क्षेत्रमा रहेका अन्य जलविद्युत् आयोजनाका टनेलमा समेत नेपाली सेना, आयोजना प्रतिनिधि तथा अन्य प्राविधिक टोलीले संयुक्त रूपमा खोजी गरिरहेका छन् ।

रसुवागढी हाइड्रोपावरको टनेलमा नेपाली सेना र आयोजनाका इन्जिनियरसहितको टोली करिब २७५ मिटर भित्रसम्म पुगेर खोजी गरिरहेको छ। उद्धार कार्यलाई थप तीव्र बनाउन हेभी मेसिन तथा एक्स्काभेटर टनेल क्षेत्रमा पुऱ्याउने तयारी भइरहेको छ ।

त्यस्तै, लाङटाङ हाइड्रोको टनेलमा विदेशी नागरिकसमेत सहभागी २५ जनाको संयुक्त खोज तथा उद्धार टोलीले करिब १५० मिटर भित्रसम्म पुगेर खोजी गरिरहेको छ ।

चिलिमे हाइड्रोमा पनि माउन्टेन एसोसिएसन तथा विदेशीसमेत सहभागी संयुक्त टोली टनेलभित्र करिब १५० मिटर पुगेको छ। टनेल बन्द अवस्थामा भेटिएपछि सम्भावित गतिविधि पत्ता लगाउन साउन्ड डिटेक्टरमार्फत निगरानी भइरहेको छ ।

त्रिशूली-३ ए मा मेसिन प्रयोग गरेर उद्धार प्रयास

त्रिशूली-३ ए जलविद्युत् आयोजनामा नेपाली सेनासहित ९३ जनाको संयुक्त उद्धार टोली परिचालन गरिएको छ । टोलीले चारवटा स्काभेटर र एक बबक्याट प्रयोग गरी टनेलको आउटलेटमा भरिएको माटो तथा लेदो हटाउने काम गरिरहेको छ ।

टनेलभित्र अगाडि रहेको चट्टान हटाउन कम्प्रेसर मेसिन, ब्रेकर तथा ब्लास्टिङको प्रयोग भइरहेको छ । अवरोध हटाएर टनेलभित्र थप अगाडि पुग्ने प्रयास भइरहेको जनाइएको छ । त्यस्तै, त्रिशूली-३ बी मा नेपाली सेनाका ६१ जना, गैरसैनिक तीन जना तथा आयोजनाका प्रबन्ध निर्देशकसहितको संयुक्त टोलीले खोज तथा उद्धार गरिरहेको छ । टोलीले आयोजनाको कार्यालय, आवास तथा क्याम्प क्षेत्र पहिचान गरी बबक्याटको सहयोगमा खोजी कार्य अघि बढाइरहेको छ ।

नेपाली सेनाद्वारा हालसम्म ३ हजार ९२५ जनाको हवाई उद्धार

यसैबीच, बाढी तथा पहिरोबाट प्रभावित विभिन्न क्षेत्रबाट नेपाली सेनाले हवाई साधनमार्फत हालसम्म ३ हजार ९२५ जनाको उद्धार गरेको छ। उद्धार गरिएकामध्ये २७३ जना विदेशी नागरिक रहेका छन्। सेनाका अनुसार २०८३ भदौ १७ गते साँझ ७ बजेसम्म मात्रै विभिन्न प्रभावित क्षेत्रबाट थप ३४ जनाको हवाई उद्धार गरिएको हो । रसुवा, नुवाकोट, धादिङ, चितवन तथा नवलपरासी पूर्वका प्रभावित क्षेत्रमा खोज तथा उद्धार अभियान जारी रहेको छ।

नेपाली सेनाका अनुसार रसुवाको टिमुरेदेखि नुवाकोट, धादिङ, चितवन र नवलपरासी पूर्वसम्मका प्रभावित क्षेत्रमा ९ हजार २ सयभन्दा बढी सैनिक प्रत्यक्ष रूपमा परिचालन भएका छन् ।

सेनाले बेपत्ता तथा प्रभावित नागरिकको खोज तथा उद्धारसँगै घाइतेको उद्धार, शव व्यवस्थापन, अवरुद्ध सडक सञ्चालन, राहत सामग्री ढुवानी र आपत्कालीन उपचारको काम गरिरहेको छ । प्रभावित क्षेत्रका जंगल, डाँडा, खोला तथा बस्तीमा समेत पैदल गस्ती सञ्चालन गरी स्थानीयवासीलाई सुरक्षा प्रत्याभूति दिलाउने तथा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने काम भइरहेको छ। त्रिशूलीपारिको कोलोनीदेखि तुप्चे, सोले बजार तथा नुवाकोटका विभिन्न क्षेत्रमा समेत खोज तथा उद्धार कार्य जारी रहेको छ ।

टिमुरेबाट शव व्यवस्थापनका लागि स्लिङ लोड अपरेसन

रसुवाको टिमुरे क्षेत्रमा फेला परेका शवलाई सुरक्षित रूपमा त्रिशूलीसम्म ल्याउन नेपाली सेनाले स्लिङ लोड अपरेसन सुरु गरेको छ । बाढी तथा पहिरोका कारण सडकमार्गबाट सहज रूपमा आवतजावत गर्न कठिनाइ भएका क्षेत्रमा हवाई माध्यमबाट शव व्यवस्थापन तथा उद्धार कार्य अघि बढाइएको हो ।

बाढी तथा पहिरो प्रभावित क्षेत्रमा स्वास्थ्य जोखिम न्यूनीकरणका लागि निसंक्रमण अर्थात् डिसइन्फेक्सनको काम पनि सञ्चालन भइरहेको छ । रसुवाको धुन्चे तथा रेड पान्डा क्षेत्र, नुवाकोटको त्रिशूली, चितवनको देवघाट, धादिङको गजुरी प्राथमिक स्वास्थ्य केन्द्र तथा शव फेला परेका विभिन्न स्थानमा निसंक्रमणको काम भइरहेको छ ।

त्यस्तै, कास्कीको यामदी बाटुलीचौर, तनहुँको व्यास-५ चैनपुर तथा नवलपरासी पश्चिमको पृथ्वीचन्द्र अस्पताल, परासीस्थित शव संकलन केन्द्र, सुनवल नगरपालिका-४ को मुलपानी सामुदायिक वनलगायतका क्षेत्रमा पनि निसंक्रमण कार्य भइरहेको छ । अन्य प्रभावित क्षेत्रमा स्थानीय तहसँगको समन्वयमा निसंक्रमण कार्य विस्तार गर्ने तयारी भइरहेको नेपाली सेनाले जनाएको छ ।

गौर आँखा अस्पतालद्वारा बाढीपीडितका लागि १० लाख रुपैयाँभन्दा बढी सहयोग

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, १७ भदौ

नेपाल नेत्रज्योति संघद्वारा सञ्चालित गौर आँखा अस्पताल पुरेनवा र जिल्ला नेत्रज्योति संघ शाखा कार्यालय गौरले बाढीपीडितको राहत तथा उद्धारका लागि १० लाख रुपैयाँभन्दा बढी सहयोग गरेका छन् ।

सदरमुकाम गौर-८ स्थित गौर आँखा अस्पतालमा कार्यरत कर्मचारीहरूले प्राकृतिक विपत्तिबाट प्रभावित परिवारको सहयोगका लागि आफ्नो दुई दिनको पारिश्रमिक बराबरको रकम कटौती गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा १० लाख १११ रुपैयाँ जम्मा गरेका हुन् ।

तिब्बत क्षेत्रबाट आएको विनाशकारी बाढीका कारण रसुवा र नुवाकोट जिल्लाका भोटेकोशी तथा त्रिशूली नदी किनारका क्षेत्रमा ठूलो जनधनको क्षति भएपछि पीडित परिवारको उद्धार तथा राहतका लागि सहयोग रकम उपलब्ध गराइएको हो ।

नेपाल नेत्रज्योति संघ, रौतहट शाखाका सचिव बच्चा यादवले बाढीका कारण उत्तरी क्षेत्रमा ठूलो संकट उत्पन्न हुँदा धेरै नागरिक घरबारविहीन भएको बताए। विपत्तिमा परेका पीडितको दुःखमा ऐक्यबद्धता जनाउँदै मानवीय तथा सामाजिक उत्तरदायित्वअन्तर्गत अस्पतालका कर्मचारी र संघका पदाधिकारीको सहकार्यमा रकम संकलन गरी राहत कोषमा पठाइएको उनले बताए ।

यादवका अनुसार पीडितको पीडामा थोरै भए पनि राहत पुऱ्याउने उद्देश्यले कर्मचारीहरूले आफ्नो पारिश्रमिकबाट सहयोग गरेका हुन् ।

प्राकृतिक विपत्तिका बेला रौतहटमा स्थानीय तह, निजी क्षेत्र तथा विभिन्न सामाजिक संघसंस्थाले राहत तथा उद्धारका लागि सहयोग गर्दै आएका छन् । यसअघि परोहा नगरपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा ५ लाख रुपैयाँ जम्मा गरिसकेको छ ।

जिल्लाका अन्य सामाजिक संघसंस्था, उद्योगी, व्यवसायी तथा सर्वसाधारणले पनि बाढीपीडितको सहयोगका लागि प्रधानमन्त्री राहत कोषमा सिधै रकम जम्मा गर्ने क्रम जारी रहेको छ ।

बाढीपीडितका लागि नेपाली जनसम्पर्क समिति जापानको सहयोग

पूर्ण चलाउने/मध्यान्ह
टोकियो, १७ भदौ

नेपाली जनसम्पर्क समिति जापानले भोटेकोशीमा आएको बाढीबाट प्रभावितहरुको उद्धार तथा राहतका लागि १० लाख जापानी येन सहयोग गरेको छ। नेपाली कांग्रेसको विदेशस्थित संगठन नेपाली जनसम्पर्क समिति जापानले उक्त सहयोग नेपाली कांग्रेसको विपद् व्यवस्थापन कोषमा जम्मा गरेको हो ।

समितिका अनुसार उक्त रकम नेपाली कांग्रेसको विपद व्यवस्थापन कोषमार्फत एकमुष्ट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिनेछ । जनसम्पर्क समिति जापानका अध्यक्ष राजेन्द्रप्रसाद जमरकट्टेलले सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै बाढीमा ज्यान गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली एवं घाइतेहरुको स्वास्थ्य लाभको कामना गरेका छन् । जनसम्पर्क समिति जापानका कोषाध्यक्ष यम कँडेलको संयोजकत्वमा आर्थिक सहयोग अभियान सञ्चालन गरिएको हो । समितिले एक विज्ञप्ति जारी गर्दै विपद्को समयमा यस्ता खालका मानवीय गतिविधिलाई निरन्तरता दिने पनि जनाएको छ ।

बाढीपीडितलाई जापानबाट व्यवसायी टिका श्रेष्ठको आर्थिक सहयोग

जापानमा व्यवसाय गरिरहेका व्यवसायी टिका श्रेष्ठले भोटेकोशीमा आएको बाढीबाट प्रभावितहरूको उद्धार तथा राहतका लागि २१ लाख जापानी येन सहयोग गरेका छन् ।

श्रेष्ठ जापानमा खाद्य तथा पेय पदार्थको बिक्री बितरण गर्दै आइरहेको पूर्ण ट्रेडिङ कम्पनिका कार्यकारी प्रमुख हुन् । श्रेष्ठले उक्त रकम येहे रेमिट्यान्समार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको आधिकारिक बैंक खातामा जम्मा गरेको जनाएका छन् ।

श्रेष्ठको कम्पनी पूर्ण ट्रेडिङ जापानले एक विज्ञप्ति जारी गर्दै विपद्मा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना पनि व्यक्त गरेको छ । साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित तथा विस्थापित परिवारप्रति सहानुभूति प्रकट गरेको छ ।

कम्पनीले विपद्को समयमा उद्धार तथा राहत कार्यमा खटिएका नेपाल सरकार, सुरक्षा निकाय, स्थानीय तह, सामाजिक संघसंस्था र स्वयंसेवकहरूको योगदानप्रति सम्मान व्यक्त गरेको छ । विपद्मा मानवीय सहयोगलाई निरन्तरता दिने जनाउँदै कम्पनीले विपद्को यस घडीमा सबैले आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गर्न अनुरोध पनि गरेको छ ।

दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाडौं

सूचना

प्रकाशित मिति २०८३/०५/१८

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **DAMARU RESOURCE PVT. LTD. (ई.प.नं. ५०८/०६१/६२)** ले यस विभाग समक्ष झापा जिल्ला मेचिनगर नगरपालिका -०९ मा शाखा कार्यालय खोली संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालयहरु रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सब्द प्रमाण सहित **वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०५/१७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

कतारमा रोजगार
कम्पनी: INCO Industrial Duqm LLC — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८३/०५/१७ — चलानी नं.: ६०२६०६०९ — LT. No.: 347466

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	HELPER / LABOURER	120	0	स. काममा दक्ष	1000	४१६००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ भदौ २५ गते (10 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. — Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9808735410 (Kiran Shrestha)
Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

साउदी र युएईमा रोजगार
कम्पनी : Modern Century Trading Company — शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०५/१७ — चलानी नं.: ६०२६०६०६ — LT. No.:347438

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Furniture Assemble Worker	2	0	स. काममा दक्ष	1500	६०५८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : DESCON ENGINEERING — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८३/०२/०५ — चलानी नं. : ६०२५५६४४ — LT. No.:342331 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Male)	19	0	सम्बन्धित काममा दक्ष	1000	४१२९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Pipe/gas Fitter	22	0		1500	६१९३५							
3.	Riggers	29	0		1500	६१९३५							
4.	Scaffolder	16	0		1500	६१९३५							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ २५ गते (10 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	साउदीमा रु १०,००० युएईमा नि शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MIDDLE EAST MANPOWER PVT. LTD. — श्रम ई. पत्र नं. ६१/०५१/०५२
कुपण्डोल, ललितपुर, फोन नं. ०१–५४२९९६०,०१–५४३०२६३ फ्याक्सः ०१-५५३२०८४,
सम्पर्कः ९८१८६०७३२५, Email: cvs.middleast@gmail.com |Web: www.middleast.com.np

साउदीमा रोजगार
कम्पनी : Eiffel View Beverage Shop — शहर : Saudi Arabia,Jizan
पूर्व स्वीकृत मितिः २०८३/०५/१७ — चलानी नं.: ६०२६०६१४ — L.T. No.: 347309

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Food and Beverage Counter Worker	2	0	स. काममा दक्ष	1200	४८४६८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २५ गते (10 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MUSKAN OVERSEAS PVT.LTD — Govt. Lic No.: 1342/074/75
Townplanning, Samakhusi-26, Kathmandu, Nepal
Phone : +977-01-4959026/4963094, Email : muskanoverseas786@gmail.com
Web: www.muskanoverseas.com, Toll Free/Hotline - 18105000331

जापानमा रोजगार
कम्पनिको नामः Cooperative Neutral Plan, Okayama Prefecture, Japan
पूर्व स्विकृती मिति : 2025/09/02, लट नं.: 347471, चलानी नं.: 60260641

SN	कामदारको पद	माग संख्या	मासिक तलव YEN	मासिक तलव NRS	न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा सुबिधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Ground Workers (Excavation Labour)	पुरुष २ जना	173000	164304	सम्बन्धित काममा दक्ष	कम्पनी नियम अनुसार	७ घण्टा 30 मि.	६ दिन	कम्पनी नियम अनुसार	छैन	छ	२ बर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने	स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने	हवाई टिकट कसले दिने, कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	प्रबर्द्धन शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने, रोजगारदाताले	निःशुल्क	निःशुल्क	कामदार आफै	निःशुल्क

अन्तर्वार्ता कम्पनिको प्रतिनीधिबाट मिति २०८३ भाद्र २५ गते यस प्रा. लि. मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउन होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफूँ कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दाँ बढि रकम कसैलाई नदिनहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफूँ जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला । LIC NO.: 17/047/048

GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL
Good Life International Employment Agency Nepal Pvt. Ltd.
Kathmandu-26, Samakhushi, Nepal, Tel. No.: 01-4979100, Mob: 9801092503
9816909265, 9808811102, 9851056076, E-mail: info@goodlifenepal.com

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय चरिकोटका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सुचना प्रकाशित मिति २०८३/०५/१८ गते बिहिबार मध्यान्ह राट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले विभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय चरिकोट दोलखामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०६/२९ गते बिहिबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय चरिकोट दोलखामा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

ऋणी तथा जमानतकर्ताको तिनपुस्ते विवरण :

१. ऋणी : गणेश विक्रम शाही (ना.प्र.नं. २२३६१/३२४, जारी मिति २०५८/०७/२८, प्रतिलिपि जारी मिति २०६५/०५/०८, जि.प्र.का. दोलखा)। ठेगाना : दोलखा जिल्ला कालिञ्चोक गा.पा. वडा नं. ९ (साविक सुन्द्रावती गा.वि.स वडा नं. ५)। बाबु : सीताराम शाही ठकुरी । बाजे : जगत बहादुर शाही ठकुरी ।	**जमानतकर्ता : सिताराम शाही ठकुरी** (ना.प्र.नं. १७८९-१६३, जारी मिति २०३९/१०/१०, प्रतिलिपि जारी मिति २०७२/०७/२९ जि.प्र.का. दोलखा)। ठेगाना : दोलखा जिल्ला कालिञ्चोक गा.पा. वडा नं. ९ (साविक सुन्द्रावती गा.वि.स वडा नं. ५)। बाबु : जगत बहादुर शाही ठकुरी । बाजे : नारायण बहादुर शाही ।
